माननीय मन्त्रीज्यूबाट मिति २०८३ भदौ ३१ गते स्वीकृत

# महिला, बालबालिका तथा किशोरीको स्वास्थ्य तथा पोषण सुधार कार्यक्रम सञ्चालन मार्गदर्शन २०८३/०८४

लुम्बिनी प्रदेश सरकार

**स्वास्थ्य मन्त्रालय**

२०८३

स्वास्थ्य मन्त्रालय र अन्तर्गतका निकायबाट आर्थिक वर्ष २०८३/०८४ मा सञ्चालन हुने महिला, बालबालिका तथा किशोरीको स्वास्थ्य तथा पोषण सुधार सम्बन्धी कार्यक्रमहरु पारदर्शी, मितव्ययी, प्रभावकारी र व्यवस्थित तवरले सञ्चालन गर्न सहजीकरणका निम्ति यो कार्यक्रम सञ्चालन मार्गदर्शन तयार गरीएको छ।


**लुम्बिनी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी) नेपाल
फोनः ०७१-५४३००४
Email: mohp@lumbini.gov.np
Website: https://mohp.lumbini.gov.np/

# विषय सूची


१. पोषण पुनर्स्थापना केन्द्र सञ्चालन तथा निरन्तरता। ........ १

२. सामुदायिक विद्यालय रोभिङ्ग नर्स निरन्तरता। ........ २

३. Family Health Profile कार्यक्रमको मोवाईल टप-अप। ........ ४

४. विद्यालय नर्स कार्यक्रमको निरन्तरता। ........ ५

५. Mother-Baby Friendly Hospital Initiatives कार्यक्रम व्यवस्थापनको निरन्तरता। ........ ६

६. Family Health Profile कार्यक्रमको समिक्षा तथा कार्ययोजना निर्माण। ........ ८

७. समुदाय स्तरका जटिल अवस्थामा रहेका मातृ तथा २ वर्ष मुनिका बालबालिकाहरुको नियमित निगरानीका लागि Family health Profile कार्यक्रम विस्तार (रुपन्देही र प्यूठान)। ........ ९

८. हिमाली तथा पहाडी जिल्लाका गर्भवति तथा सुत्केरी उद्धारका लागि स्टेचर खरिद। ........ १०

९. शिघ्र कुपोषणको एकिकृत व्यवस्थापन निर्देशिका तथा उपचार प्रोटोकल छपाई ........ १२

१०. स्तनपान प्रवर्द्धनका लागि आमाको दुधलाई प्रतिस्थापन गर्ने बस्तु (बिक्री वितरण नियन्त्रण) ऐन र नियमावली सम्बन्धी औषधी पसल, अस्पताल, डिपार्टमेन्टल स्टोरका सञ्चालकहरुलाई अभिमुखिकरण तथा अनुगमन। ........ १३

११. बाँके, पाल्पा र अर्घाखाँची जिल्लामा मातृ शिशु हाते पुस्तिका कार्यक्रम विस्तार (प्रशिक्षक प्रशिक्षण तालिम समेत)। ........ १४

१२. मातृ शिशु हाते पुस्तिका छपाई। ........ १६

१३. स्तनपान कक्ष विस्तार तथा सञ्चालन। ........ १७

१४. Labour care Guide र EmONC Job-Aid सम्बन्धी अभिमुखिकरण। ........ १८

१५.लुम्बिनी प्रादेशिक अस्पतालका लागि आकश्मिक प्रसुति सेवा र बालरोग सेवा सुदृढिकरण ........ २०

१६. पत्रु खाना र यसले स्वास्थ्यमा असर बारे सुचना तयार गरी सामुदायीक बिद्यालयमा भिते लेखन/होरीङ्ग बोड। .. २२

७. बृद्धि अनुगमनका लागि सामग्री खरिद। ........ २३

१८. विद्यालयका स्वास्थ्य शिक्षकहरुलाई स्वास्थ्य तथा पोषण कार्यक्रमको अभिमुखिकरण। ........ २४

१९. भांसा घर सुधार कार्यक्रम मार्फत बाल तथा मातृ पोषण प्रवर्धन। ........ २६

२०. सामुदायीक विद्यालयमा अस्वस्थकर खाना नियमन तथा नियन्त्रण अभियान। ........ २७

२१. प्रारम्भिक बालविकासका लागि उचित स्याहार प्रवद्धन सम्बन्धि तालिम। ........ ३०

## १. पोषण पुनर्स्थापना केन्द्र सञ्चालन तथा निरन्तरता।

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | १५ लाख | अस्पताल | ३ | दोस्रो, तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | कुपोषणबाट हुने बाल मृत्यु दर कम गर्नको लागि कुपोषित बालबालिकाहरुको उचित स्वास्थ्य उपचार तथा पोषणयुक्त आहार व्यवस्थापन गर्न व्यबहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले प्रदेश अन्तर्गतका अस्पतालहरुमा पोषण पुनर्स्थापना केन्द्र सुदृढिकरण गरी विभिन्न प्रकारका कुपोषणको निवारणका लागि यो कार्यक्रको व्यवस्था गरीएको छ। |
| **उद्देश्य** | • बालबालिकाहरुको कुपोषणको उपचार तथा व्यवस्थापन गर्नु ।<br>• बालबालिकाहरुको हेरचाह गर्ने अभिभावकहरुलाई पोषण सम्बन्धी ज्ञान तथा सीप प्रदान गर्नु । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | • लुम्बिनी प्रादेशिक अस्पताल (५ लाख)<br>• राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान (५ लाख)<br>• भेरी अस्पताल (५ लाख) |
| **खर्च क्षेत्र** | जनशक्ति, खाध्य आहार, औषधी उपचार, मर्मत तथा संभार, शैया विस्तारको लागि चाहिने आवश्यक सामाग्रीहरुको व्यवस्थापन। |
| **लक्षित समूह** | ५ वर्ष मुनिका शिघ्र कुपोषित बालबालिकाहरु। |
| **कार्यक्रम सञ्चालन विधि** | • पोषण तथा पुनर्स्थापना केन्द्र सुदृढिकरण गर्न आवश्यक पर्ने सामाग्री औषधी, उपकरण तथा खाध्यान्नको सुची तयार गर्ने।<br>• आवश्यक जनशक्तिको व्यवस्था गर्ने।<br>• कुपोषित बालबालिकाहरुको उपचार साथै पोषणयुक्त खाध्यान्नको व्यवस्था गर्ने।<br>• अभिभावकहरुलाई खाध्य तथा पोषण सुरक्षाका बारेमा जानकारी गराउने।<br>• नियमित मासिक रुपमा DHIS2 मा रिपोर्टिङ गर्नुपर्ने छ। |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नु पर्नेछ। |
| **अनुगमन तथा मूल्याङ्कन** | स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयबाट अनुगमन गरिनेछ। |
| **अपेक्षित उपलब्धी** | • बालबालिकाहरुको कुपोषणको उपचार तथा व्यवस्थापन हुनेछ।<br>• बालबालिकाहरुको हेरचाह गर्ने अभिभावकहरुलाई पोषण सम्बन्धी ज्ञान तथा सीपको अभिवृद्धि हुनेछ । |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय, लुम्बिनी प्रदेशमा प्रतिवेदन पेश गर्नुपर्ने छ। |

## २.सामुदायिक विद्यालय रोभिङ्ग नर्स निरन्तरता।

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | १३५.२० लाख | जना | २६ | पहिलो,दोस्रो र तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | विद्यालयमा रहेका किशोरकिशोरीहरूमा यौन तथा प्रजनन स्वास्थ्य अधिकारका मुद्दाहरू स्थापित गर्न तथा किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सेवाको उपभोगलाई बृद्दि गर्न आवश्यक देखिन्छ । नेपाल स्वास्थ्य तथा जनसांखिक सर्वेक्षण २०२२ का अनुसार नेपालमा किशोरी प्रजनन दर ७२ प्रतिहजार रहेको छ, सोही सर्वेक्षणको प्रतिवेदन अनुसार किशोरीहरुमा प्रजनन अवधिको ज्ञान (Fertility awareness) १९% मा रहेको छ ।लुम्बिनी प्रदेशमा परिवार नियोजनका साधानहरुको आवश्यकता पुरा नभएको महिलाहरुको सङ्ख्या २३% रहेको छ । राष्ट्रिय सुक्ष्म पोषकतत्व सर्वेक्षण २०१६ अनुसार नेपालमा २१% किशोरीहरुमा रक्तअल्पता रहेको छ, जसले गर्दा किशोरीहरु कुपोषणको चक्रमा फस्ने गरेकाछन् ।<br>विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत हाल सञ्चालन भईरहेका कार्यक्रमहरु किशोरी आईरन चक्की कार्यक्रम, विद्यालयमा जुकाको औषधी खुवाउने कार्यक्रम लगायतका स्वास्थ्य विशेष कार्यक्रमहरु विद्यालयको प्राथमिकतामा पर्ने गरेका छैनन् । यसका मुख्य कारणहरुमा यस्ता कार्यक्रमहरु शिक्षकको कार्यविवरण भन्दा बाहिर भएको र शिक्षकमा यस कार्यक्रमको जवाफदेहिता कमी रहेको देखिन्छ । किशोर किशोरीहको यौन तथा प्रजनन् स्वास्थ्य अधिकारलाई सम्बोधन गर्नुका साथै विद्यालय स्वास्थ्य तथा पोषण, मानसिक स्वास्थ्य, सर्ने तथा नसर्ने रोगको नियन्त्रण र बढ्दो अस्वस्थकर खानाको प्रयोगलाई कम गर्न विद्यालयहरुमा विद्यालय रोभिङ्ग नर्सको परिचालन प्रभावकारी हुने हुँदा यस कार्यक्रमलाई निरन्तरता दिएको छ । |
| **उद्देश्य** | • विद्यालयहरुमा सुरक्षित मातृत्व,बाल स्वास्थ्य, खोप तथा पोषण र स्वच्छतासँग सम्बन्धित स्वस्थ व्यवहार र अभ्यासलाई प्रोत्साहन गर्ने ।<br>• कार्यक्षेत्रका किशोर किशोरीहरुमा यौन तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी ज्ञान अभिवृद्दी गर्ने र जागरुकता बढाउने ।<br>• किशोर किशोरी यौन तथा प्रजनन् स्वास्थ्य प्रवर्द्धन गर्ने र महिनावारी स्वास्थ्य व्यवस्थापन गर्ने ।<br>• विद्यालय स्तरमा सञ्चालन हुने जनस्वास्थ्य अभियानका कार्यक्रमहरुलाई सफल बनाउन सहयोग गर्ने ।<br>• विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमहरु सवल र प्रभावकारी बनाई विद्यालय स्तरबाटै स्वास्थ्य तथा पोषण सेवाको पहुँच बढाउने ।<br>• विद्यालय तहबाटै विद्यार्थीहरुलाई स्वस्थ जीवनशैली अपनाउन मद्दत गर्ने ।<br>• स्वास्थ्यका कारण विद्यार्थीहरुको विद्यालय छोड्ने दर र अनुपस्थिति हुने दर घटाउन मद्दत गर्ने ।<br>• विद्यालय परिसरमा प्राथमिक उपचार र आपतकालिन स्वास्थ्य सेवाहरुको व्यवस्था गरी विद्यार्थीहरुको तत्काल स्वास्थ्य समस्याहरुको समाधान गर्ने ।<br>• विद्यालय स्वास्थ्य तथा पोषण,किशोर किशोरी यौन तथा प्रजनन् स्वास्थ्य सेवा तथा अन्य कार्यक्रमहरुका लागि स्थानीय स्वास्थ्य संस्था,स्थानीय तह तथा विद्यालय बिच सहकार्य र समन्वयलाई सुदृढ बनाउने । |

| | |
|---|---|
| | • विद्यालयमा बाल-हिंसा तथा लैङ्गिक हिंसा र लागुपदार्थ दुर्व्यसनीको शिक्षा प्रदान गर्नुका साथै व्यवहार परिवर्तनमा सहयोग गर्ने ।<br>• विद्यालय परिसरमा अस्वस्थकर खाना प्रयोगलाई निरुत्साहित गर्ने, साथै अभिभावकहरुलाई पनि विद्यार्थीहरुलाई स्वस्थकर खाजा पठाउन प्रेरित गर्ने ।<br>• स्थानीय तहका स्वास्थ्य तथा पोषण कार्यक्रमहरुको योजना निर्माण, कार्यक्रम सञ्चालन तथा अनुगमनमा सहयोग गर्ने । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालय |
| **खर्च क्षेत्र** | तलब भत्ता तथा यातायात खर्च |
| **लक्षित समूह** | सामुदायिक विद्यालयका विद्यार्थी |
| **कार्यक्रम सञ्चालन विधि** | • गत आ.व.२०८१/०८२ मा स्वास्थ्य निर्देशनालय मार्फत लुम्बिनी प्रदेशका १३ स्थानीय तहमा विद्यालय रोभिङ्ग नर्सको व्यवस्थाका लागि मातृ तथा नवजात शिशु स्वास्थ्य तथा पोषण अवस्था र स्वास्थ्य सम्बन्धी जनचेतना कमजोर भएका स्थानीय तहहरु: नेपालगंज उप-महानगरपालिका, डुडुवा गाउँपालिका, कृष्णनगर नगरपालिका, मायादेवी, कपिलवस्तु, कोटहिमाई गाउँपालिका, रोहीणी गाउँपालिका, पाल्हिनन्दन गाउँपालिका, सुस्ता गाउँपालिका, माथागढी गाउँपालिका, सत्यवती गाउँपालिका, इस्मा गाउँपालिका, ठाकुरबाबा नगरपालिका र पाणिनी गाउँपालिकामा प्रति स्थानीय तह २ जनाका दरले विद्यालय रोभिङ्ग नर्स खटाईएको छ।<br>• कार्यसम्पादन मुल्यांकनको आधारमा सम्बन्धित स्थानीय तहमा कार्यरत विद्यालय रोभिङ्ग नर्सलाई स्वास्थ्य कार्यालय मार्फत सेवामा निरन्तरता दिनु पर्ने छ।<br>• विद्यालय रोभिङ्ग नर्सको तलब सहायक चौथौ तहको सुरुको स्केल रु. ३६,१९२/- बराबर हुनेछ र यातायात खर्च प्रति महिना प्रति व्यक्ति ३ हजारका दरले भुक्तानी गर्नु पर्नेछ। नियम अनुसार पोसाक भत्ता र चाडपर्व खर्च सोही रकमबाट भुक्तानी गर्नु पर्ने छ।<br>• कार्यसम्पादनका आधारमा सम्बन्धित स्थानीय तहले थप सुविधा प्रदान गर्न सक्नेछ ।<br>• सामुदायिक नर्स/रोभिङ्ग नर्सका लागि सेवा गर्न न्यूतम शैशिक योग्यता अ.न.मी उतीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनु पर्नेछ ।<br>• विद्यालय रोभिङ्ग नर्सको हाजिरी प्रमाणित सम्बन्धित स्थानीय तहको स्वास्थ्य महाशाखा/शाखाले प्रमाणित गरी स्वास्थ्य कार्यालयमा उपलब्ध गराउनु पर्नेछ र सोको आधारमा सम्बन्धित कर्मचारीको पारिश्रमिक बैंक खाता मार्फत उपलब्ध गराउनु पर्नेछ।<br>• कार्यरत विद्यालय रोभिङ्ग नर्सले करार सम्झौता बमोजिम निरन्तरता नगरेमा नयाँ करार सेवाको लागि स्वास्थ्य कार्यालयले प्रक्रिया अगाडी बढाई सेवा निरन्तरता गर्नु पर्ने छ ।<br>• अन्य व्यवस्था कार्यविधि अनुसार हुनेछ। |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रमको निरन्तरता गर्नुपर्नेछ । |

| स्वास्थ्य कार्यालय | रकम रु | नर्सको संख्या |
|---|---|---|
| बर्दिया | १० लाख ४० हजार | २ |
| बाँके | २० लाख ८० हजार | ४ |
| कपिलवस्तु | २० लाख ८० हजार | ४ |
| रुपन्देही | २० लाख ८० हजार | ४ |

| | | | |
|---|---|---|---|
| | नवलपरासी पश्चिम | २० लाख ८० हजार | ४ |
| | पाल्पा | १० लाख ४० हजार | २ |
| | गुल्मी | २० लाख ८० हजार | ४ |
| | अर्घाखाँची | १० लाख ४० हजार | २ |
| | **कुल जम्मा** | **१ करोड ३५ लाख २० हजार** | **२६** |
| **अपेक्षित उपलब्धी** | बालबालिका,किशोरी तथा महिला स्वास्थ्य तथा पोषण कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन भई विद्यालयका बालबालिका तथा किशोरकिशोरीको स्वास्थ्यमा सुधार हुनेछ । | | |
| **अनुगमन/ मुल्याङ्कनको सुचक** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिवेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ । | | |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ । | | |

### ३. Family Health Profile कार्यक्रमको मोवाईल टप-अप।

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ५ लाख | पटक | १ | पहिलो, दोस्रो र तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | समुदाय तथा स्वास्थ्य संस्थाबाट प्रदान गरिने कतिपय स्वास्थ्य सेवाहरु नियमित निगरानी गरिरहनु पर्ने हुन्छ ,जस्तै खोप सेवा, गर्भ जाँच, प्रसुती सेवा, उत्तर प्रसुती सेवा,पोषण सेवा, आदि। ती सेवा लिन आउने सेवाग्राहीहरुलाई नियमित सेवा लिन तथा फलोअप जाँच गर्न सेवाग्राहीहरु तथा सेवाग्राहीहरुका अभिभावक, महिला स्वास्थ्य स्वयंसेविका, सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीहरुको मोवाइलमा मेसेज (संदेश) पठाउन मोवाइल बल्क मेसेज खरिद तथा व्यवस्थापनका लागि यो कार्यक्रमको व्यवस्था गरिएको हो । |
| **उद्देश्य** | सामुदायिक स्वास्थ्य कार्यक्रम नियमित फलोअप हुनेछ। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | बल्क मोवाईलमा मेसेज रिचार्ज |
| **लक्षित समूह** | गर्भवती, सुत्केरी तथा ५ बर्षमुनिका बालबालिका |
| **कार्यक्रम सञ्चालन विधि** | सामुदायिक स्वास्थ्य कार्यक्रमका लागि नियमित बल्क मोवाईलमा मेसेज पठाए बापतको खर्च रकम भुक्तानी गरिनेछ। |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट  खर्च गर्नु पर्नेछ। |
| **अपेक्षित उपलब्धी** | खोप सेवा, गर्भ जाँच, प्रसुती सेवा, उत्तर प्रसुती सेवा,पोषण सेवाको निरन्तर निगरानी भई मातृ मृत्यु तथा पोषणको सुचांङ्कमा सुधार हुनेछ। |

| | |
|---|---|
| **अनुगमन/मुल्याङ्कन सूचक** | • सेवाग्राहीलाई पठाईएका बल्क मेसेजहरु<br>• लाभान्वित सेवाग्राहीको संख्या |
| **प्रतिवेदन** | कार्यक्रमको नियमित प्रतिवेदन स्वास्थ्य निर्देशनालयले स्वास्थ्य मन्त्रालयलाई गर्नुपर्ने छ। |

## ४. विद्यालय नर्स कार्यक्रमको निरन्तरता।

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु. ४० लाख ५५ हजार | जना | ८ | प्रथम, दोश्रो, तेश्रो चौमासिक |

| | |
|---|---|
| **परिचय** | विद्यालय तहबाटै बालबालिकाहरुलाई सन्तुलित र पोषिलो खानेकुरा खाने तथा स्वस्थ्य जीवनशैली अपनाउन प्रेरित गर्दै समग्र स्वास्थ्य, सरसफाई र पोषण प्रवर्धन, किशोरकिशोरीको प्रजनन् स्वास्थ्य तथा महिनावारी व्यवस्थापनको आवश्यकताको महशुस गर्दै विद्यालय तहमा स्वास्थ्य सेवाको पहुँच पुऱ्याई विद्यार्थीहरुको स्वास्थ्य सुधार ल्याउन यो कार्यक्रमलाई थप निरन्तरता गरिएको छ । |
| **उद्देश्य** | • विद्यालय उमेरका बालबालिकाहरुलाई स्वस्थ्य जीवनशैली अपनाउन प्रेरित गर्ने<br>• विद्यालयमा अध्ययनरत किशोरीहरुको महिनावारी स्वास्थ्यलाई सुधार गर्ने |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | पारिश्रमिक सेवा सुविधा |
| **लक्षित समूह** | विद्यालयमा अध्ययनरत छात्र छात्राहरु |
| **कार्यक्रम सञ्चालन विधि** | • हाल कार्यरत ८ जना विद्यालय नर्सलाई सम्बन्धित विद्यालयको सिफारिसमा निरन्तरता दिने<br>• सेवा करारमा कार्यरत विद्यालय नर्सहरुलाई सहायक पाँचौ तहको शुरु तलव स्केल रु. ३८२०३/- तलव, पोसाक भत्ता /चाडपर्व खर्च नियम अनुसार भुक्तानि गर्नु पर्ने छ।<br>• यस निर्देशनालयले तयार पारेको कार्यविवरण अनुसार विद्यालय नर्सले कार्य गर्नु पर्नेछ ।<br>• विद्यालय नर्सको हाजिरी सम्बन्धित स्थानीय तह वा विद्यालयले प्रमाणित गरी स्वास्थ्य निर्देशनालयमा उपलब्ध गराउनु पर्नेछ र सोको आधारमा सम्बन्धित कर्मचारीको पारिश्रमिक बैंक खाता मार्फत उपलब्ध गराउनु पर्नेछ ।<br>• कार्यरत नर्सले करार सम्झौता निरन्तरता नगरेमा नयाँ करार सेवाको लागि निर्देशनालयले प्रक्रिया अगाडि बढाई सेवा निरन्तरता दिनेछ । |
| **बजेट बाँडफाड** | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड कार्यक्रम सञ्चालन र खर्च गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | • विद्यालय जाने बालबालिकाहरुको पोषण सुधार तथा स्वस्थ्य जीवनशैली अपनाउन सहयोग हुनेछ ।<br>• विद्यालयमा अध्ययनरत किशोरीहरुको महिनावारीका कारण विद्यालयमा हुने अनुपस्थिती दर कमी हुनेछ । |
| **अनुगमन मुल्यांकनको सूचक** | • लाभान्वित विद्यार्थीको संख्या |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भएपछि कार्यक्रमको प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नु पर्नेछ । |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

## ५. Mother-Baby Friendly Hospital Initiatives कार्यक्रम व्यवस्थापनको निरन्तरता।

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु ५० लाख ७० हजार | अस्पतालहरु | ९ | दोस्रो, तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | स्तनपान शिशुका लागि अमृत समान हो। स्तनपानले आमा र बच्चाको स्वास्थ्यमा मात्र हैन समग्र परिवार, समुदाय र राष्ट्रको अर्थतन्त्रमा टेवा पुऱ्याउछ। नेपाल जनसांखिक स्वास्थ्य सर्वेक्षण २०२२ को तथ्याङ्क अनुसार लुम्बिनी प्रदेशमा पूर्ण स्तनपान गराउनेको संख्या ३६ प्रतिशत र शिशु जन्मेको १ घण्टा भित्र स्तनपान गराउनेको संख्या ५५ प्रतिशत छ ।यसै गरी लुम्बिनी प्रदेशमा १०० जना बालबालिका मध्ये २४ जनालाई बोतल मार्फत दुध खुवाईएको पाईएको छ ।<br>तर, स्तनपान सम्बन्धी सिफारिस गरिएका व्यवहारहरु (समय मै स्तनपानको सुरुवात, ६ महिनासम्म पुर्ण स्तनपान र कम्तिमा २ वर्षसम्म थप खानाका साथै स्तनपानलाई निरन्तरता दिने) को संख्या भने न्यून रहेको छ ।विभिन्न अध्ययन अनुसन्धानले आमा तथा शिशु सम्बन्धी स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक पर्ने न्यूनतम स्रोतको व्यवस्थापन गरी मातृ शिशु मैत्री अस्पताल सुनिश्चतता गर्दा मातृ र शिशुको स्वास्थ्यमा सुधार भएको पाईएको छ ।लुम्बिनी प्रदेशका उच्च प्रसुती सेवा प्रदान गर्ने अस्पतालहरुलाई मातृशिशु मैत्री अस्पताल बनाउन स्तनपान प्रवर्धनकर्ता नर्सका लागि यो बजेट विनियोजन गरिएको छ । |
| **उद्देश्य** | शिशु जन्मेको १ घण्टाभित्र स्तनपानको सुरुवात, ६ महिनासम्म पुर्ण स्तनपान ,र दुई वर्ष सम्म स्तनपानलाई निरन्तरता दिने सुचाङ्कहरुमा सुधार गर्ने |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | तपशिलका अस्पतालहरुमा यो कार्यक्रम सञ्चालन हुनेछ :<br>• बर्दिया अस्पताल गुलेरिया, बर्दिया -१ जना<br>• राप्ती प्रादेशिक अस्पताल, तुल्सीपुर, दाङ -२ जना<br>• कपिलवस्तु अस्पताल, तौलिहवा -१ जना<br>• भिम अस्पताल, भैरहवा -१ जना<br>• पृथ्वी चन्द्र अस्पताल, नवलपरासी पश्चिम -१ जना<br>• रामपुर अस्पताल, पाल्पा -१ जना<br>• गुल्मी अस्पताल, तम्घास -१ जना<br>• लुम्बिनी प्रादेशिक अस्पताल -२ जना |
| **खर्च क्षेत्र** | तलब, भत्ता स्तनपान व्यवस्थापन केन्द्र सञ्चालनका लागि आवश्यक व्यस्थापकीय खर्च । |
| **लक्षित समूह** | गर्भवती, सुत्केरी र २ वर्ष मुनिका बालबालिका । |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

**कार्यक्रम सञ्चालन विधि**

- गत आ व मा कार्यरत स्तनपान प्रवर्धनकर्ता नर्सलाई कार्य सम्पादन मुल्यांकनको आधारमा सेवालाई निरन्तरता दिने।
- सेवा करारमा कार्यरत स्तनपान प्रवर्धनकर्ता नर्सलाई सहायक पाँचौ तहको शुरु तलव स्केल रु ३८२०३/- तलव र नियमानुसार पोसाक भत्ता र चाडपर्व खर्च उपलब्ध गराउने ।
- कार्यविवरण अनुसार स्तनपान प्रवर्धनकर्ता नर्सले कार्य गर्नु पर्ने छ ।
- सम्बन्धित अस्पतालले स्तनपान प्रवर्धनकर्ता नर्सलाई स्तनपानको संरक्षण, सम्वर्धन र प्रवर्धन कार्यमा मात्र खटाउनु पर्छ ।
- सम्बन्धित अस्पतालले स्तनपान प्रवर्धनकर्ता नर्सको हाजिरी प्रमाणित गरी, सोको आधारमा सम्बन्धित कर्मचारीको पारिश्रमिक बैंक खाता मार्फत उपलब्ध गराउनु पर्नेछ ।
- कार्यरत नर्स मध्ये कसैले करार सम्झौता निरन्तरता नगरेमा नयाँ करार सेवाको लागि सम्बन्धित अस्पतालले प्रक्रिया अगाडि बढाई सेवा निरन्तरता दिनु पर्ने छ ।

**बजेट बाँडफाड**

यस कार्यक्रमका लागि निम्न जिल्लाहरुमा तपशिलको रकम विनियोजन गरिएको छ ।

| **क्र.स.** | **अस्पतालहरु** | **विनियोजित रकम रुः (हजारमा)** | **क्र.स** | **अस्पतालहरु** | **विनियोजित रकम रुः (हजारमा)** |
|---|---|---|---|---|---|
| १. | बर्दिया अस्पताल | ५.०७ लाख | ५. | गुल्मी अस्पताल | ५.०७ लाख |
| २. | पृथ्वीचन्द्र अस्पताल | ५.०७ लाख | ६. | राप्ती प्रादेशिक अस्पताल | १०.१४ लाख |
| ३. | भिम अस्पताल | ५.०७ लाख | ७. | रामपुर अस्पताल | ५.०७ लाख |
| ४. | कपिलवस्तु अस्पताल | ५.०७ लाख | ८. | लुम्बिनी प्रादेशिक अस्पताल | १०.१४ लाख |
| | | | **कुल जम्मा** | | **५०.७० लाख** |

प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

**अपेक्षित उपलब्धी**

- सबै बालबालिकाले जन्मेको १ घण्टाभित्र स्तनको सुरुवात, ६ महिनासम्म पुर्ण स्तनपान र कम्तिमा २ वर्षसम्म थप खानाका साथै स्तनपानलाई निरन्तरता पाउनेछन्।

**प्रगति अनुगमन र समीक्षा**

स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयबाट कार्यक्रमको अनुगमन र समीक्षा हुनेछ ।

**प्रतिवेदन**

कार्यक्रम सम्पन्न पश्चात कार्यक्रम सञ्चालनको प्रतिवेदन स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालयमा पठाउनु पर्नेछ ।

लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय राप्ती उपत्यका(देउखुरी) नेपाल

## ६. Family Health Profile कार्यक्रमको समिक्षा तथा कार्ययोजना निर्माण।

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु २४ लाख | जिल्ला | ४ | दोस्रो र तेस्रो चौमासिक |

| उपशिर्षक | विवरण |
|---|---|
| परिचय | बालबालिका, किशोरी, महिला स्वास्थ्य तथा पोषण अवस्थामा लुम्विनी प्रदेश देशकै सवैभन्दा कमजोर प्रदेश रहेको विभिन्न समयमा गरिएका सर्वेक्षण तथा अध्ययनले देखाएका छन्। लुम्बिनी प्रदेशका बाँके, अर्घाखाँची, नवलपरासी पश्चिम र पाल्पा जिल्लामा बसोबास गर्ने हरेक गर्भवती महिला देखि बच्चा जन्मेको २ वर्षसम्म नियमित निगरानी मार्फत जटिल अवस्थाका गर्भवती देखि खोपबाट वञ्चित बालबालिका र पोषण वृद्धि अवस्थाको अनुगमन गरी नियमित सेवामा ल्याउनका लागि हरेक परिवारधुरीमा स्वास्थ्यकर्मी परिचालन गरी परिवार स्वास्थ्य विवरण (Family Health Profile) तयार गरी कार्यक्रम सञ्चालन हुदै आएको छ। सोही कार्यक्रमको समिक्षा गरी कार्ययोजना निर्माण तथा कार्यान्वयनका लागि यस बजेटको व्यवस्था गरिएको छ। |
| उद्देश्य | परिवार स्वास्थ्य विवरण (Family Health Profile) कार्यक्रमको प्रभावकारीता, चुनौतीको समिक्षा गरी आगामी कार्ययोजना तयारी गर्ने |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय बाँके, अर्घाखाँची, नवलपरासी पश्चिम र पाल्पा |
| खर्च क्षेत्र | दैनिक भ्रमण र समिक्षा कार्यक्रम व्यवस्थापनका लागि आवश्यक खर्च. |
| लक्षित समूह | स्वास्थ्य कार्यालय बाँके, अर्घाखाँची, नवलपरासी पश्चिम र पाल्पा मार्फत स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख र स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरु। |
| कार्यक्रम सञ्चालन विधि | • समिक्षा कार्यक्रम १ दिनको सञ्चालन हुने छ।<br>• सहभागी छनौट गर्दा स्थानीय तहमा रहेका वडाको संख्याको आधारमा प्रति वडा २ जना र स्वास्थ्य शाखाबाट सहभागी गराउनु पर्ने छ।<br>• कार्यक्रममा परिवार स्वास्थ्य विवरण (Family Health Profile)को स्थानीय नीति निर्माणमा प्रयोग, यसको चुनौतीहरुको सम्बोधन र दिगोपनका लागि कार्ययोजना बनाउनु पर्ने छ।<br>• समिक्षा कार्यक्रम स्वास्थ्य निर्देशनालयको समन्वयमा सञ्चालन गर्नु पर्ने छ। |
| बजेट बाँडफाड | यस कार्यक्रमका लागि निम्न अनुसारको बजेटको व्यवस्था गरिएको छ।<br>क्र.स. \| स्वास्थ्य कार्यालय \| रकम रु<br>१. \| बाँके \| ६ लाख<br>२. \| अर्घाखाँची \| ५लाख<br>३. \| पाल्पा \| ७ लाख<br>४. \| नवलपरासी पश्चिम \| ६ लाख<br>कुल जम्मा \| २४ लाख |
| अपेक्षित उपलब्धी | • कार्यक्रम सञ्चालनमा आएका चुनौतीको पहिचान गरी कार्यक्रमको दिगोपनका लागि कार्ययोजना तयार हुनेछ। |

| | |
|---|---|
| अनुगमन र मुल्याङ्कनको सुचक | • कार्ययोजना।<br>• कार्यक्रमको लागि स्थानीय तह र स्वास्थ्यकर्मीको प्रतिवद्दता |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य कार्यालयले स्वास्थ्य निर्देशनालयमा प्रतिवेदन पेश गर्नुपर्ने छ। |

## ७. समुदाय स्तरका जटिल अवस्थामा रहेका मातृ तथा २ वर्ष मुनिका बालबालिकाहरुको नियमित निगरानीका लागि Family health Profile कार्यक्रम विस्तार (रुपन्देही र प्यूठान)।

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु ८७ लाख | स्थानीय तह | १८ | दोस्रो, तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | मातृ तथा नवजात शिशु एवं बालबालिकाको स्वास्थ्य सुधार गर्नु स्वास्थ्य सेवाको प्रमुख प्राथमिकता मध्ये एक हो। विशेष गरी समुदाय स्तरमा जटिल तथा जोखिमयुक्त अवस्थामा रहेका गर्भवती, सुत्केरी महिला तथा २ वर्ष मुनिका बालबालिकाको समयमै पहिचान, नियमित निगरानी, आवश्यक परामर्श तथा स्वास्थ्य संस्थामा समयमै प्रेषण गर्नु मातृ तथा बाल मृत्युदर तथा बिरामीपन न्यूनीकरणका लागि महत्वपूर्ण हुन्छ।<br>महिला बालबालिका तथा किशोरी स्वास्थ्य तथा पोषण अवस्थामा लुम्विनी प्रदेश देशकै सबैभन्दा कमजोर प्रदेश रहेको विभिन्न समयका सर्वेक्षण तथा अध्ययनले देखाएको छ। लुम्बिनी प्रदेशमा समुदाय स्तरका जटिल अवस्थामा रहेका मातृ तथा २ वर्ष मुनिका बालबालिकाको नियमित निगरानीका लागि **Family Health Profile कार्यक्रम** यसअघि पाल्पा, बाँके, अर्घाखाँची र नवलपरासी जिल्लामा सञ्चालन भइसकेको छ। उक्त कार्यक्रमबाट प्राप्त अनुभव र उपलब्धिका आधारमा मातृ तथा बालबालिकाको समयमै पहिचान, नियमित फलोअप तथा आवश्यक स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न यस कार्यक्रमलाई रुपन्देहीका छनोट भएका ८ स्थानीय तह र प्यूठान जिल्लामा विस्तार गर्न लागिएको हो। |
| **उद्देश्य** | • समुदाय स्तरमा जटिल तथा जोखिम अवस्थामा रहेका मातृ र २ वर्ष मुनिका बालबालिकाको समयमै पहिचान गरी नियमित निगरानी, फलोअप तथा आवश्यक स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्नु। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालय मार्फत प्यूठान जिल्लाका १० स्थानीय (सबै) तह।<br>स्वास्थ्य कार्यलय रुपन्देही मार्फत देहायका स्थानीय तहः<br>१. मर्चवारी गाउँपालिका।<br>२. कोटहीमाई गाउँपालिका।<br>३. सम्मरीमाई गाउँपालिका<br>४. लुम्बिनी सांस्कृतिक नगरपालिका<br>५. मायादेवी गाउँपालिका<br>६. रोहिणी गाउँपालिका<br>७. सियारी गाउँपालिका<br>८. गैडहवा गाउँपालिका |
| **खर्च क्षेत्र** | स्वास्थ्य कर्मी तथा महिला स्वास्थ्य कर्मीहरुको अभिमुखिकरण, घरदैलोमा स्वास्थ्य कर्मी परिचालन वापत स्थानीय यातायात खर्च |
| **लक्षित समूह** | • समुदाय स्तरमा रहेका जटिल तथा जोखिम अवस्थामा रहेका गर्भवती र सुत्केरी महिलाहरू।<br>• २ वर्ष मुनिका जटिल तथा विशेष निगरानी आवश्यक भएका बालबालिकाहरू।<br>• लक्षित परिवार तथा उनीहरूका अभिभावक। |

| | |
|---|---|
| **कार्यक्रम सञ्चालन विधि** | • स्वास्थ्य कार्यालय, स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखहरुलाई MTOT स्वास्थ्य निर्देशनालयले संचालन गर्ने ।<br>• स्वास्थ्य कार्यालयबाट स्थानीय तहका प्रति स्वास्थ्य संस्था २ जना र सवै महिला स्वास्थ्य स्वयं सेवकहरुलाई १ दिने अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।<br>• स्थानीय तहका स्वास्थ्यकर्मीहरुले आफ्नो वडा भित्र पर्ने हरेक परिवारको घरदैलोमा गई परिवार स्वास्थ्य विवरण मोवाइल स्वास्थ्य कार्यक्रमबाट उपलब्ध गराईएको सफ्टवेयरमा भर्ने ।<br>• प्रति दिन कम्तिमा १५ परिवारको घरभेट (प्यूठान) र २० परिवारको घरभेट (रुपन्देही) गरी परिवार स्वास्थ्य विवरण भरेको रु ७०० का दरले स्वास्थ्यकर्मीलाई दैनिक यातायात तथा खाजा खर्च भुक्तानी गर्ने गरी स्वास्थ्य कार्यालयबाट मोवाइल स्वास्थ्य सफ्टवेयरको तथ्याङ्क अध्ययन पश्चात स्वास्थ्यकर्मीको वैंक खातामा भुक्तानी गर्ने ।<br>• मोवाइल हेल्थको अनुगमनबाट जटिल अवस्थाका गर्भावस्थादेखि २ वर्ष मुनिका बालबालिकाहरुको पोषण तथा स्वास्थ्य अवस्था पहिचान गरी समयमै उचित सेवा प्रदान गर्ने व्यबस्था मिलाउने । |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । यस कार्यक्रममा स्वास्थ्य निर्देशनालयका लागि रु ५ लाख, रुपन्देही स्वास्थ्य कार्यालयको लागि रु ४३ लाख र प्यूठान स्वास्थ्य कार्यालयमा रु ३९ लाख विनियोजन गरिएको छ । |
| **अपेक्षित उपलब्धी** | • जटिल अबस्थाका गर्भावस्थादेखि २ वर्ष मुनिका बालबालिकाहरुको पोषण तथा स्वास्थ्य समस्या समयमै पहिचान भै उचित सेवा प्रदान गर्न सहज हुनेछ र मातृ तथा बाल मृत्युमा सुधार हुनेछ । |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • वडा अनुसार परिवार धुरीको संख्या<br>• वडा अनुसार जम्मा गर्भवती महिला संख्या<br>• वडा अनुसार जम्मा २ वर्षमुनिका बालबालिकाहरुको संख्या |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## ८. हिमाली तथा पहाडी जिल्लाका गर्भवति तथा सुत्केरी उद्धारका लागि स्टेचर खरिद।

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ४१ लाख १२ हजार | जिल्ला | ६ | दोस्रो र तेस्रो चौमासिक |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | लुम्बिनी प्रदेशका हिमाली तथा पहाडी जिल्लाका दुर्गम तथा भौगोलिक रूपमा विकट स्थानमा रहेका गर्भवती तथा सुत्केरी महिलाहरूलाई समयमै स्वास्थ्य संस्थासम्म पुर्‍याउन कठिनाइ हुने गर्दछ। विशेष गरी जटिल तथा आपतकालीन अवस्थामा सुरक्षित मातृत्व सेवा प्राप्त गर्न यातायातका साधन र एम्बुलेन्सको अभाव रहेको छ। यस समस्यालाई न्यूनीकरण गर्दै गर्भवती तथा सुत्केरी महिलाको सुरक्षित र समयमै उद्धार गरी स्वास्थ्य संस्थासम्म पहुँच सुनिश्चित गर्न दुर्गम स्थानलाई लक्षित गरी स्ट्रेचर खरिद तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न यो बजेटको व्यवस्था गरिएको छ। |
| **उद्देश्य** | लुम्बिनी प्रदेशका हिमाली तथा पहाडी जिल्लाका दुर्गम क्षेत्रमा रहेका गर्भवती तथा सुत्केरी महिलाहरूलाई जटिल तथा आपतकालीन अवस्थामा सुरक्षित रूपमा उद्धार गरी समयमै स्वास्थ्य संस्थासम्म पुर्‍याउन आवश्यक स्ट्रेचरको व्यवस्था गर्नु यस कार्यक्रमको उद्देश्य हो। |

<table>
<tr><td>कार्यक्रम सञ्चालन गर्ने निकाय</td><td>स्वास्थ्य कार्यालय रोल्पा, प्यूठान, रुकुमपूर्व, पाल्पा, अर्घाखाँची र गुल्मी।</td></tr>
<tr><td>खर्च क्षेत्र</td><td>स्ट्रेचर खरिद तथा धुवानी</td></tr>
<tr><td>लक्षित समूह</td><td>• रोल्पा, प्यूठान, रुकुमपूर्व, पाल्पा, अर्घाखाँची र गुल्मी जिल्लाका दुर्गम क्षेत्रमा बसोबास गर्ने गर्भवती तथा सुत्केरी महिलाहरू।<br>• विशेष गरी जटिल तथा आपतकालीन अवस्थामा उद्धार आवश्यक पर्ने गर्भवती तथा सुत्केरी महिलाहरू।<br>• दुर्गम क्षेत्रका स्वास्थ्य संस्था तथा स्थानीय समुदायहरु।</td></tr>
<tr><td>कार्यक्रम सञ्चालन विधि</td><td>• रोल्पा, प्यूठान, रुकुमपूर्व, पाल्पा, अर्घाखाँची र गुल्मी जिल्लाका दुर्गम तथा भौगोलिक रूपमा विकट क्षेत्रहरूको आवश्यकता पहिचान गरी सम्बन्धित स्थानीय तह तथा स्वास्थ्य संस्थासँग समन्वय गरी आवश्यकता पहिचान गर्ने।<br>• स्ट्रेचरको उचित प्रयोग, संरक्षण तथा व्यवस्थापनका लागि सम्बन्धित स्वास्थ्यकर्मी र समुदायसँग आवश्यक समन्वय गरिनेछ।</td></tr>
<tr><td>बजेट बाँडफाड</td><td>यस कार्यक्रमका लागि निम्न अनुसारको बजेटको व्यवस्था गरिएको छ।
<table>
<tr><td>क्र.स.</td><td>स्वास्थ्य कार्यालय</td><td>रकम रु</td></tr>
<tr><td>१.</td><td>रुकुमपूर्व</td><td>५ लाख</td></tr>
<tr><td>२.</td><td>रोल्पा</td><td>८ लाख</td></tr>
<tr><td>३.</td><td>प्यूठान</td><td>८ लाख</td></tr>
<tr><td>४</td><td>पाल्पा</td><td>८ लाख</td></tr>
<tr><td>५</td><td>अर्घाखाँची</td><td>६ लाख</td></tr>
<tr><td>६</td><td>गुल्मी</td><td>६ लाख १२ हनार</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>४१ लाख १२ हजार</td></tr>
</table></td></tr>
<tr><td>अपेक्षित उपलब्धी</td><td>• दुर्गम क्षेत्रमा रहेका गर्भवती तथा सुत्केरी महिलाको समयमै र सुरक्षित उद्धारमा सहयोग पुग्ने।<br>• जटिल तथा आपतकालीन अवस्थामा स्वास्थ्य संस्थासम्म पहुँच सहज हुने।<br>• सुरक्षित मातृत्व सेवा तथा मातृ स्वास्थ्य सेवाको पहुँचमा सुधार हुने।</td></tr>
<tr><td>अनुगमन र मुल्याङ्कनको सुचक</td><td>• खरिद तथा वितरण गरिएको स्ट्रेचरको संख्या।<br>• स्ट्रेचर उपलब्ध गराइएका दुर्गम क्षेत्र तथा स्वास्थ्य संस्थाको संख्या।<br>• स्ट्रेचर प्रयोग गरी उद्धार गरिएका गर्भवती तथा सुत्केरी महिलाको संख्या।<br>• जटिल अवस्थामा स्वास्थ्य संस्थासम्म समयमै उद्धार भएका सेवाग्राहीको संख्या।<br>• कार्यक्रमको प्रभावकारिता तथा उपयोगितासम्बन्धी अनुगमन प्रतिवेदन।</td></tr>
<tr><td>प्रतिवेदन</td><td>कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य कार्यालयले स्वास्थ्य निर्देशनालय/स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्ने छ।</td></tr>
</table>

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

## ९. शिघ्र कुपोषणको एकिकृत व्यवस्थापन निर्देशिका तथा उपचार प्रोटोकल छपाई

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु ५ लाख | पटक | १ | दोस्रो |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | कडा शिघ्र कुपोषण भएका बालबालिकाहरुलाई एकिकृत व्यवस्थापनका लागि राष्ट्रिय निर्देशिका २०८१ जारी भएको छ । हाल लुम्बिनी प्रदेशमा करिव ३३२ वटा स्वास्थ्य संस्थाबाट बहिरङ्ग उपचार केन्द्र र ३ वटा पोषण पुनर्स्थापना केन्द्रहरु सञ्चालनमा रहेका छन् तर शिघ्र कुपोषणको एकिकृत व्यवस्थापन राष्ट्रिय निर्देशिका २०८१ सम्बन्धित उपचार केन्द्रमा उपलब्धता नहुँदा स्वास्थ्यकर्मीहरुमा उपचारमा दुविधा भएको देखिन्छ । |
| **उद्देश्य** | • ५ वर्ष मुनिका बालबालिकामा शिघ्र कुपोषणका कारणले हुने मृत्यु र स्वास्थ्य समस्यालाई घटाउने<br>• प्रदेश भर शिघ्र कुपोषित बालबालिकाको उपचारमा एकरुपता र स्वास्थ्यकर्मीको ज्ञान र सीपमा अभिवृद्धि गराउने<br><u>स्पेसिफिकेसन</u><br>➢ साइज : A4<br>➢ अनुमाजित पेज संख्या: १८०<br>➢ कभर कागज: ३५० ग्राम आर्ट बोर्ड म्याट लेमिलेशन<br>➢ कभर छपाई: मल्टी कलर<br>➢ भित्री कागज: १५० GMS आर्ट बोर्ड<br>➢ भित्री छपाई: मल्टी कलर (डिजाइन अनुसार)<br>➢ बाइन्डिङ्ग: Perfect binding |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | शिघ्र कुपोषणको एकिकृत व्यवस्थापन राष्ट्रिय निर्देशिका (परिमार्जित २०८१) छपाई |
| **अपेक्षित प्रतिफल** | यस पुस्तिकाबाट कुपोषित बालबालिकाको उपचारमा एकरुपता भई स्वास्थ्यकर्मीको ज्ञानमा र सीपमा अभिवृद्धि हुनेछ । |
| **कार्यक्रम सञ्चालन विधि** | तोकिएको स्पेसिफिकेसन अनुसार शिघ्र कुपोषणको एकिकृत व्यवस्थापन राष्ट्रिय निर्देशिका (परिमार्जित २०८१) र उपचार प्रोटोकल र अन्य आवश्यक सामग्री छपाई गर्नु पर्नेछ । |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • तोकिएको स्पेसिफिकेसन अनुसारको छपाई<br>• लाभान्वित स्वास्थ्यकर्मीहरुको संख्या तथा निर्देशिका उपलब्ध भएका जिल्ला, स्थानीय तह र स्वास्थ्य संस्था |

## १०. स्तनपान प्रवर्द्धनका लागि आमाको दुधलाई प्रतिस्थापन गर्ने बस्तु (बिक्री वितरण नियन्त्रण) ऐन र नियमावली सम्बन्धी औषधी पसल, अस्पताल, डिपार्टमेन्टल स्टोरका सञ्चालकहरुलाई अभिमुखिकरण तथा अनुगमन।

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु १३ लाख ५० हजार मात्र | जिल्ला | १२ | दोस्रो, तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | शिशु तथा बालबालिकाको स्वस्थ वृद्धि र विकासका लागि आमाको दूध तथा स्तनपान अत्यन्त महत्वपूर्ण हुन्छ। स्तनपानको संरक्षण, प्रवर्द्धन र सहयोगका लागि **आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री तथा वितरण नियन्त्रण) ऐन २०४९ तथा नियमावली २०५१ (संशोधन समेत)** को प्रभावकारी कार्यान्वयन आवश्यक छ।<br>औषधी पसल, अस्पताल तथा डिपार्टमेन्टल स्टोरहरूबाट आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको बिक्री, वितरण तथा प्रचार-प्रसार सम्बन्धी कानुनी व्यवस्थाको पालना सुनिश्चित गर्न सम्बन्धित सञ्चालकहरूलाई अभिमुखीकरण तथा नियमित अनुगमन आवश्यक रहेको छ। यस कार्यक्रम मार्फत सम्बन्धित सरोकारवालाहरूलाई ऐन तथा नियमावली बारे जानकारी गराई स्तनपान प्रवर्द्धन तथा कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा सहयोग पुर्‍याउन यो बजेटको व्यवस्था गरिएको हो। |
| **उद्देश्य** | • आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री तथा वितरण नियन्त्रण) ऐन तथा नियमावली सम्बन्धी औषधी पसल, अस्पताल तथा डिपार्टमेन्टल स्टोरका सञ्चालकहरूको ज्ञान र कानुनी व्यवस्थाको पालना अभिवृद्धि गरी स्तनपानको संरक्षण, प्रवर्द्धन तथा सहयोग गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालयहरु |
| **खर्च क्षेत्र** | बैठक भत्ता,दैनिक भ्रमण भत्ता, यातायात खर्च र कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च |
| **लक्षित समूह** | अस्पताल/फार्मेसी / डिपार्टमेन्टल स्टोर |
| **कार्यक्रम सञ्चालन विधि** | • औषधी पसल, अस्पताल तथा डिपार्टमेन्टल स्टोरका सञ्चालकहरूलाई लक्षित गरी **आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री तथा वितरण नियन्त्रण) ऐन तथा नियमावली** सम्बन्धी १ दिने अभिमुखीकरण सञ्चालन गर्नु पर्नेछ।<br>• अभिमुखीकरण पछि सम्बन्धित संस्थाहरूमा ऐन तथा नियमावलीको पालना भए/नभएको सम्बन्धमा नियमित अनुगमन गरिनेछ। अनुगमनबाट देखिएका कमी-कमजोरी सुधारका लागि आवश्यक सुझाव तथा परामर्श प्रदान गर्नु पर्नेछ। |
| **बजेट बाँडफाड** | यस कार्यक्रमका लागि निम्न जिल्लाहरुमा तपशिलको रकम विनियोजन गरिएको छ । |

| क्र.स. | स्वास्थ्य कार्यालय | विनियोजित रकम रु: (लाखमा) | क्र.स | स्वास्थ्य कार्यालय | विनियोजित रकम रु: (लाखमा) |
|---|---|---|---|---|---|
| १. | रुकुम पूर्व | ०.५ | ७. | नवलपरासी पश्चिम | १ |
| २. | रोल्पा | १ | ८. | रुपन्देही | २ |
| ३. | प्यूठान | १ | ९. | कपिलवस्तु | १ |
| ४. | गुल्मी | १ | १०. | दाङ | १ |
| ५. | पाल्पा | १ | ११. | बाँके | २ |
| ६. | अर्घाखाची | १ | १२. | बर्दिया | १ |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| | कुल जम्मा — १३ लाख ५० हजार<br><br>प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| **अपेक्षित उपलब्धी** | • आमाको दूधलाई प्रतिस्थापन गर्ने बस्तुहरुको बिक्री र वितरणमा नियन्त्रण हुने।<br>• आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्रि वितरण नियन्त्रण ) ऐन, २०४९ र नियमावली, २०५१ को कार्यन्वयनमा आउने छ। |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • अनुगमन गरिका अस्पताल, फार्मेसी , र डिपाटमेन्टल स्टोरको संख्या।<br>• आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्रि वितरण नियन्त्रण ) ऐन, २०४९ र नियमावली, २०५१ कार्यन्वयन भएको औषधी पसल/ अस्पताल/फार्मेसीको संख्या। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्नु पर्नेछ। |

## ११. बाँके, पाल्पा र अर्घाखाँची जिल्लामा मातृ शिशु हाते पुस्तिका कार्यक्रम विस्तार (प्रशिक्षक प्रशिक्षण तालिम समेत)।

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु ६० लाख ७० हजार | जिल्ला | ३ | दोस्रो, तेस्रो |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | मातृ तथा शिशुको स्वास्थ्य सम्बन्धी जानकारी, सेवा प्राप्तिको निरन्तरता तथा परिवारको सक्रिय सहभागिता अभिवृद्धि गर्न **मातृ शिशु हाते पुस्तिका कार्यक्रम** महत्वपूर्ण माध्यम हो। यस पुस्तिका मार्फत गर्भावस्था देखि शिशुको प्रारम्भिक बाल्यकाल हुँदै बच्चाको ९ वर्षसम्मको अत्यावश्यक स्वास्थ्य, पोषण तथा हेरचाहसम्बन्धी जानकारी र सेवा विवरण व्यवस्थित रूपमा अभिलेखीकरण गर्न सहयोग पुग्नेछ।<br>यस कार्यक्रमलाई प्रभावकारी रूपमा विस्तार गर्न **बाँके, पाल्पा र अर्घाखाँची जिल्लामा मातृ शिशु हाते पुस्तिका कार्यक्रम विस्तार** गरिनेछ। कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धिका लागि **प्रशिक्षक प्रशिक्षण (Training of Trainers–TOT)** समेत सञ्चालन गरिनेछ। यसबाट मातृ तथा शिशु स्वास्थ्य सेवाको गुणस्तर, निरन्तरता र सेवामा पहुँच सुधार हुने अपेक्षा गरिएको छ। |
| **उद्देश्य** | • बाँके, पाल्पा र अर्घाखाँची जिल्लामा मातृ शिशु हाते पुस्तिका कार्यक्रम विस्तार गरी मातृ तथा शिशु स्वास्थ्य सेवाको निरन्तर गुणस्तर सुधार गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालयहरु बाँके, अर्घाखाँची र पाल्पा |
| **खर्च क्षेत्र** | बैठक भत्ता,दैनिक भ्रमण भत्ता, यातायात खर्च र कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च |
| **लक्षित समूह** | स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख तथा उप-प्रमुख, स्वास्थ्य संस्था प्रमुख र नर्सिङ कर्मचारीहरु र जिल्ला अस्पतालका नर्सिङ कर्मचारीहरु |
| **कार्यक्रम सञ्चालन विधि** | • स्वास्थ्य कार्यालय प्रमुख, प.हे.न. र अस्पतालको नर्सिङ विभाग प्रमुख र स्वास्थ्य शाखा प्रमुखको सहभागीतामा स्वास्थ्य निर्देशनालयले १ दिने प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने छ।<br>• स्वास्थ्य कार्यालयले स्वास्थ्य शाखा उप-प्रमुख, प्रत्येक स्वास्थ्य संस्थाको नर्सिङ कर्मचारीहरुको सहभागीतामा १ दिने कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। |

लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय राप्ती उपत्यका(देउखुरी) नेपाल

<table>
<tr><td></td><td>
<ul>
<li>अभिमुखिकरण कार्यक्रममा प्रति व्याचँ २५-३० जनाको समूहमा सहभागीको पायक पर्ने स्थानमा सञ्चालन गर्नु पर्नेछ।</li>
<li>तालिम प्राप्त स्वास्थ्यकर्मी मार्फत सबै महिला स्वास्थ्य स्वंमसेविका लागि सम्बन्धित स्वास्थ्य संस्थामा १ दिनको तालिम प्रदान गर्ने।</li>
<li>अनुमानित गर्भवति महिलाहरुको संख्याको आधारमा मातृ तथा बाल स्वास्थ्य पुस्तिका स्वास्थ्य निर्देशनालय मार्फत प्राप्त गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।</li>
</ul>
</td></tr>
<tr><td>बजेट बाँडफाड</td><td>
यस कार्यक्रमका लागि निम्न जिल्लाहरुमा तपशिलको रकम विनियोजन गरिएको छ ।
<table>
<tr><th>क्र.स.</th><th>स्वास्थ्य कार्यालय</th><th>विनियोजित रकम रुः (लाखमा)</th></tr>
<tr><td>१.</td><td>स्वास्थ्य निर्देशनालय</td><td>६ लाख</td></tr>
<tr><td>२.</td><td>स्वास्थ्य कार्यालय बाँके</td><td>१९.७ लाख</td></tr>
<tr><td>३.</td><td>स्वास्थ्य कार्यालय अर्घाखाँची</td><td>१६ लाख</td></tr>
<tr><td>४.</td><td>स्वास्थ्य कार्यालय पाल्पा</td><td>१९ लाख</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>६०.७० लाख</td></tr>
</table>
प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।
</td></tr>
<tr><td>अपेक्षित उपलब्धी</td><td>
<ul>
<li>बाँके, पाल्पा र अर्घाखाँची जिल्लामा मातृ शिशु हाते पुस्तिका कार्यक्रम विस्तार भएको हुनेछ।</li>
<li>कार्यक्रम सञ्चालनका लागि आवश्यक प्रशिक्षक तथा स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि भएको हुनेछ।</li>
<li>मातृ तथा शिशु स्वास्थ्य सेवाको निरन्तरता, अभिलेखीकरण तथा गुणस्तरमा सुधार भएको हुनेछ।</li>
<li>गर्भवती, सुत्केरी तथा शिशुका अभिभावकमा आवश्यक स्वास्थ्य तथा पोषणसम्बन्धी जानकारी र सचेतना अभिवृद्धि भएको हुनेछ।</li>
</ul>
</td></tr>
<tr><td>अनुगमन र मुल्याङ्कनको सुचक</td><td>
<ul>
<li>मातृ शिशु हाते पुस्तिका कार्यक्रम विस्तार भएका जिल्लाको संख्या।</li>
<li>प्रशिक्षक प्रशिक्षण (TOT) प्राप्त स्वास्थ्यकर्मी/प्रशिक्षकहरूको संख्या।</li>
<li>मातृ शिशु हाते पुस्तिका वितरण तथा प्रयोग गर्ने सेवाग्राहीको संख्या।</li>
<li>स्वास्थ्य संस्थामा पुस्तिकाको सही तथा नियमित प्रयोग र अभिलेखीकरणको अवस्था।</li>
<li>मातृ तथा शिशु स्वास्थ्य सेवाको निरन्तरता र सेवा उपयोगमा भएको सुधार।</li>
</ul>
</td></tr>
<tr><td>प्रतिवेदन</td><td>कार्यक्रम सञ्चालन पश्चात प्रशिक्षक प्रशिक्षण (TOT), मातृ शिशु हाते पुस्तिका वितरण तथा प्रयोगको अवस्था र कार्यक्रम कार्यान्वयन सम्बन्धी विवरण समेटी सम्बन्धित स्वास्थ्य कार्यालयले स्वास्थ्य मन्त्रालयलाई प्रतिवेदन गर्नु पर्ने छ।। प्राप्त प्रतिवेदनका आधारमा कार्यक्रमको प्रगति, उपलब्धि, समस्या तथा सुधारका क्षेत्रहरूको समीक्षा गरी आवश्यक पृष्ठपोषण तथा आगामी कार्ययोजना तयार गरिनेछ।</td></tr>
</table>

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

## १२. मातृ शिशु हाते पुस्तिका छपाई।

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु २४ लाख | पटक | १ | दोस्रो |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | गर्भावस्था, सुत्केरी अवस्था तथा शिशुको स्वास्थ्य, पोषण, वृद्धि-विकास र हेरचाह सम्बन्धी आवश्यक जानकारी तथा सेवा विवरण व्यवस्थित रूपमा अभिलेख राख्न **मातृ शिशु हाते पुस्तिका** महत्वपूर्ण साधन हो। मातृ तथा शिशु स्वास्थ्य सेवाको निरन्तरता र सेवाग्राहीलाई आवश्यक जानकारी उपलब्ध गराउन पर्याप्त मात्रामा गुणस्तरीय मातृ शिशु हाते पुस्तिका छपाई गरी स्वास्थ्य संस्था मार्फत लक्षित सेवाग्राहीलाई उपलब्ध गराइनेछ।<br>मातृ तथा शिशु स्वास्थ्य सम्बन्धी सेवाको अभिलेखीकरणमा एकरूपता तथा गुणस्तर कायम गर्न स्वास्थ्य निर्देशनालय मार्फत मातृ शिशु हाते पुस्तिका छपाई गरी स्वास्थ्य कार्यालय मार्फत सम्बन्धित स्वास्थ्य संस्थामा उपलब्ध गराइनेछ। स्वास्थ्य संस्था मार्फत उक्त पुस्तिका लक्षित सेवाग्राहीलाई निःशुल्क प्रदान गरी मातृ तथा शिशु स्वास्थ्य सेवाको निरन्तरता र प्रभावकारी अभिलेखीकरणमा सहयोग पुऱ्याइनेछ। |
| **उद्देश्य** | • मातृ शिशु हाते पुस्तिकाको छपाई तथा वितरणमार्फत मातृ तथा शिशु स्वास्थ्यसम्बन्धी सेवा, सूचना र अभिलेखीकरणमा एकरूपता तथा गुणस्तर कायम गरी सेवाग्राहीलाई आवश्यक स्वास्थ्य सेवाको निरन्तरता सुनिश्चित गर्नु।<br><u>स्पेसिफिकेसन</u><br>➢ साइज : A5 Size (148 × 210 mm)<br>➢ अनुमाजित पेज संख्या: ९०<br>➢ कभर कागज: ३५० ग्राम आर्ट बोर्ड म्याट लेमिलेशन<br>➢ कभर छपाई: मल्टी कलर<br>➢ भित्री कागज: उच्च गुणस्तरको 80 GSM Art Paper/Maplitho Paper<br>➢ भित्री छपाई: मल्टी कलर (डिजाइन अनुसार)<br>➢ बाइन्डिङ्ग: Perfect binding |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय |
| **खर्च क्षेत्र** | मातृ शिशु हाते पुस्तिकाको छपाई तथा ढुवानी |
| **अपेक्षित प्रतिफल** | • मातृ शिशु हाते पुस्तिकाको गुणस्तरीयता तथा एकरूप छपाई सम्पन्न भएको हुनेछ।<br>• स्वास्थ्य कार्यालय तथा स्वास्थ्य संस्था मार्फत लक्षित सेवाग्राहीलाई पुस्तिका उपलब्ध भएको हुनेछ।<br>• मातृ तथा शिशु स्वास्थ्य सेवा सम्बन्धी अभिलेखीकरणमा एकरूपता र गुणस्तर कायम भएको हुनेछ।<br>• मातृ तथा शिशु स्वास्थ्य सेवाको निरन्तरता तथा सेवा उपयोगमा सुधार भएको हुनेछ। |
| **कार्यक्रम सञ्चालन विधि** | स्वीकृत मापदण्ड तथा सामग्री अनुसार स्वास्थ्य निर्देशनालय मार्फत मातृ शिशु हाते पुस्तिका छपाई गरिनेछ। छपाई सम्पन्न भएपछि आवश्यकता तथा लक्षित सेवाग्राहीको संख्याका आधारमा सम्बन्धित स्वास्थ्य कार्यालय मार्फत स्वास्थ्य संस्थाहरूमा वितरण गरिनेछ। स्वास्थ्य संस्थाबाट गर्भवती तथा |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| | लक्षित सेवाग्राहीलाई पुस्तिका उपलब्ध गराई मातृ तथा शिशु स्वास्थ्य सेवाको नियमित अभिलेखीकरण तथा निरन्तर प्रयोग सुनिश्चित गरिनेछ। |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • छपाई सम्पन्न भएको मातृ शिशु हाते पुस्तिकाको संख्या।<br>• स्वास्थ्य कार्यालय तथा स्वास्थ्य संस्थामा वितरण भएको पुस्तिकाको संख्या।<br>• लक्षित सेवाग्राहीलाई पुस्तिका उपलब्ध गराइएको संख्या।<br>• स्वास्थ्य संस्थामा पुस्तिकाको नियमित तथा सही प्रयोगको अवस्था।<br>• मातृ तथा शिशु स्वास्थ्य सेवासम्बन्धी अभिलेखीकरणमा भएको सुधार। |

## १३. स्तनपान कक्ष विस्तार तथा सञ्चालन।

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु ५१ लाख | कार्यालय | ४२ | दोस्रो, तेस्रो |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | कार्यस्थलमा कार्यरत महिला कर्मचारीहरूलाई स्तनपान गराउन सहज, सुरक्षित तथा अनुकूल वातावरण उपलब्ध गराउनु आवश्यक छ। प्रसूति बिदापछि कार्यस्थलमा फर्किएका महिलाहरूले स्तनपानलाई निरन्तरता दिन सकून् भन्ने उद्देश्यले कार्यस्थलमा **स्तनपान कक्षको विस्तार तथा सञ्चालन** गरिनेछ। यस कार्यक्रमबाट कार्यरत महिला कर्मचारीलाई स्तनपान सम्बन्धी आवश्यक सुविधा उपलब्ध भई शिशुको उचित पोषण, स्वास्थ्य तथा स्तनपान प्रवर्द्धनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। |
| **उद्देश्य** | कार्यस्थलमा कार्यरत महिला कर्मचारीहरूलाई स्तनपान गराउन सुरक्षित, सहज तथा अनुकूल वातावरण उपलब्ध गराई स्तनपानलाई निरन्तरता दिन सहयोग गर्नु तथा स्तनपानको संरक्षण र प्रवर्द्धन गर्नु। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य मन्त्रालय लुम्बिनी प्रदेश अन्तर्गतका सम्पूर्ण कार्यालयहरु। |
| **खर्च क्षेत्र** | • स्तनपान कक्ष स्थापना तथा आवश्यक पूर्वाधार व्यवस्थापन।<br>• स्तनपान कक्षका लागि आवश्यक फर्निचर तथा सामग्री खरिद।<br>• स्तनपानसम्बन्धी सूचना, शिक्षा तथा सञ्चार सामग्री व्यवस्थापन।<br>• कक्षको सञ्चालन, व्यवस्थापन तथा आवश्यक मर्मतसम्भार। |
| **लक्षित समूह** | • गर्भवती तथा प्रसूति बिदापछि कार्यस्थलमा फर्किएका महिला कर्मचारीहरू र उनीहरूका शिशुहरू।<br>• स्तनपान गराउने सेवाग्राहीहरु। |
| **कार्यक्रम सञ्चालन विधि** | • कार्यस्थलमा स्तनपान गराउने महिला कर्मचारीहरू र स्तनपान गराउने सेवाग्राहीको आवश्यकता तथा उपलब्ध स्थानको पहिचान गरी उपयुक्त स्थानमा स्तनपान कक्ष स्थापना वा विस्तार गर्नु पर्नेछ।<br>• स्तनपान कक्षमा आवश्यक फर्निचर, सरसफाइ तथा अन्य आवश्यक सामग्रीको व्यवस्था गरी सञ्चालनमा ल्याउनु पर्नेछ। |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

<table>
<tr><td></td><td>

• सम्बन्धित कार्यालय तथा व्यवस्थापन पक्षसँग समन्वय गरी कक्षको नियमित सञ्चालन, प्रयोग तथा व्यवस्थापन सुनिश्चित गर्नुपर्नेछ।<br>• यसका लागि नेपाल सरकार, स्वास्थ्य मन्त्रालय स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाबाट जारी **"स्तनपान कक्ष स्थपना तथा सञ्चालन कार्यविधि २०८०"** ले तोकेबमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछ।<br>• स्वास्थ्य निर्देशनालय स्तनपान कक्ष विस्तार गर्दा स्वास्थ्य मन्त्रालयको समन्वयमा दुबै कार्यालयलाई उपयुक्त स्थान छनौट गरी सञ्चालन गर्नु पर्नेछ।</td></tr>
<tr><td>बजेट बाँडफाड</td><td>यस कार्यक्रमका लागि निम्न जिल्लाहरुमा तपशिलको रकम विनियोजन गरिएको छ ।
<table>
<tr><th>क्र.स.</th><th>स्वास्थ्य कार्यालय</th><th>विनियोजित रकम रुः (लाखमा)</th></tr>
<tr><td>१.</td><td>स्वास्थ्य निर्देशनालय</td><td>२ लाख</td></tr>
<tr><td>२.</td><td>प्रदेश आपुर्ति व्यवस्थापन केन्द्र</td><td>१ लाख</td></tr>
<tr><td>३.</td><td>प्रदेश जनस्वास्थ्य प्रयोगशाला</td><td>१ लाख</td></tr>
<tr><td>४.</td><td>स्वास्थ्य तालिम केन्द्र</td><td>१ लाख</td></tr>
<tr><td>५</td><td>स्वास्थ्य कार्यालय (१२)</td><td>१ लाख प्रति कार्यालय (१२ लाख)</td></tr>
<tr><td>६</td><td>प्रादेशिक अस्पतालहरु (१४)</td><td>१.५ लाख प्रति कार्यालय(२१लाख)</td></tr>
<tr><td>७</td><td>आयुर्वेदिक चिकित्सालय/ केन्द्र (१३)</td><td>१ लाख प्रति कार्यालय(१३ लाख)</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>५१ लाख</td></tr>
</table>
प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।</td></tr>
<tr><td>अपेक्षित उपलब्धी</td><td>• कार्यस्थलमा स्तनपान कक्ष स्थापना वा विस्तार भई सञ्चालनमा आएको हुनेछ।<br>• स्तनपान गराउने महिला कर्मचारीहरूलाई सुरक्षित, सहज तथा अनुकूल वातावरण उपलब्ध भएको हुनेछ।<br>• कार्यरत महिलाले कार्यस्थलमा पनि स्तनपानलाई निरन्तरता दिन सहज भएको हुनेछ।<br>• स्तनपानको संरक्षण, प्रवर्द्धन तथा सहयोगमा सुधार भएको हुनेछ।</td></tr>
<tr><td>अनुगमन र मुल्याङ्कनको सुचक</td><td>• स्थापना वा विस्तार भएका स्तनपान कक्षको संख्या।<br>• स्तनपान कक्ष सञ्चालनमा रहेका कार्यस्थलहरूको संख्या।<br>• स्तनपान कक्षको उपयोग गर्ने महिला कर्मचारीहरूको संख्या।<br>• स्तनपान कक्षमा आवश्यक सुविधा तथा सामग्रीको उपलब्धताको अवस्था।</td></tr>
<tr><td>प्रतिवेदन</td><td>स्तनपान कक्षको स्थापना/विस्तार तथा सञ्चालन सम्बन्धी प्रगति, उपयोगको अवस्था, उपलब्धि तथा देखिएका समस्या समेटी सम्बन्धित कार्यालयले स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन गर्नु पर्नेछ।</td></tr>
</table>

## १४. Labour care Guide र EmONC Job-Aid सम्बन्धी अभिमुखिकरण।

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु ९६.२० लाख | कार्यालय | १३ | दोस्रो, तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | प्रसूति तथा नवजात शिशु सेवाको गुणस्तर सुधार गर्न **Labour Care Guide (LCG)** र **EmONC Job-Aid** को प्रभावकारी प्रयोग महत्वपूर्ण हुन्छ। यी सामग्रीहरूले स्वास्थ्यकर्मीलाई प्रसव अवस्थाको नियमित अनुगमन, जोखिम तथा जटिलताको समयमै पहिचान र आवश्यक उपचार वा प्रेषण प्रक्रियामा |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| | सहयोग पुऱ्याउँछन्। त्यसैले सम्बन्धित स्वास्थ्यकर्मीहरूको ज्ञान, सीप तथा प्रयोग क्षमता अभिवृद्धि गर्न **Labour Care Guide र EmONC Job-Aid सम्बन्धी अभिमुखीकरण कार्यक्रम** सञ्चालनका लागि बजेटको व्यवस्था गरीएको छ। |
| **उद्देश्य** | प्रसूति तथा नवजात शिशु सेवामा संलग्न स्वास्थ्यकर्मीहरूको **Labour Care Guide (LCG)** तथा **EmONC Job-Aid** सम्बन्धी ज्ञान, सीप र प्रयोग क्षमता अभिवृद्धि गरी प्रसव तथा आकस्मिक मातृ-नवजात स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्नु। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय र स्वास्थ्य कार्यालयहरु |
| **खर्च क्षेत्र** | • सहभागीहरूको यातायात तथा दैनिक भ्रमण भत्ता/नियमअनुसारका सुविधा।<br>• तालिम स्थल, आवश्यक व्यवस्थापन तथा खाजा/खाना खर्च।<br>• स्टेशनरी तथा आवश्यक कार्यालय सामग्री।<br>• तालिम/अभिमुखीकरण सञ्चालनका लागि प्रशिक्षक तथा स्रोत व्यक्तिको व्यवस्थापन। |
| **लक्षित समूह** | प्रसूति तथा नवजात शिशु सेवामा प्रत्यक्ष रूपमा संलग्न बर्थिङ सेन्टर,आधारभूत अस्पताल, अस्पतालकाका चिकित्सक तथा नर्सिङ र MNH फोकल पर्सन |
| **कार्यक्रम सञ्चालन विधि** | • स्वास्थ्य निर्देशनालयले Labour Care Guide (LCG) र EmONC Job-Aid छपाई गरी स्वास्थ्य कार्यालयलाई उपलब्ध गराउने।<br>•<br>• स्वास्थ्य निर्देशनालयले प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन पछि स्वास्थ्य कार्यालयले सञ्चालन गर्नु पर्नेछ।<br>• यो कार्यक्रम २ दिनको सञ्चालन हुनेछ।<br>• सहभागीहरु MNH Focal Person, अस्पतालमा कार्यरत चिकित्सक, नर्स र बर्थिङ सेन्टरमा कार्यरत नर्सिङ कर्मचारीहरु। |
| **बजेट बाँडफाड** | यस कार्यक्रमका लागि निम्न जिल्लाहरुमा तपशिलको रकम विनियोजन गरिएको छ । |

| क्र.स. | स्वास्थ्य कार्यालय | विनियोजित रकम रुः (लाखमा) |
|---|---|---|
| १. | स्वास्थ्य निर्देशनालय | ५ लाख |
| २. | स्वास्थ्य कार्यालय रुकुमपूर्व | ३ लाख |
| ३. | स्वास्थ्य कार्यालय रोल्पा | ८ लाख |
| ४. | स्वास्थ्य कार्यालय प्यूठान | ६ लाख |
| ५ | स्वास्थ्य कार्यालय अर्घाखाँची | ६.४ लाख |
| ६ | स्वास्थ्य कार्यालय पाल्पा | १०.१० लाख |
| ७ | स्वास्थ्य कार्यालय गुल्मी | ६ लाख |
| ८ | स्वास्थ्य कार्यालय नवलपरासी पश्चिम | ६ लाख |
| ९ | स्वास्थ्य कार्यालय रुपन्देही | १० लाख |
| १० | स्वास्थ्य कार्यालय कपिलवस्तु | ७ लाख |
| ११ | स्वास्थ्य कार्यालय दाङ | ९ लाख |
| १२ | स्वास्थ्य कार्यालय बाँके | ११ लाख |
| १३ | स्वास्थ्य कार्यालय बर्दिया | ९ लाख |
| | **कुल जम्मा** | **९६.२ लाख** |

| | |
|---|---|
| | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| **अपेक्षित उपलब्धी** | • प्रसूति तथा नवजात शिशु सेवामा संलग्न स्वास्थ्यकर्मीहरूको **Labour Care Guide (LCG)** तथा **EmONC Job-Aid** सम्बन्धी ज्ञान र सीप अभिवृद्धि भएको हुनेछ।<br>• प्रसव अवस्थाको नियमित तथा गुणस्तरीय अनुगमनमा सुधार भएको हुनेछ।<br>• मातृ तथा नवजात शिशुमा देखिने जटिलताको समयमै पहिचान तथा व्यवस्थापनमा सहयोग पुगेको हुनेछ।<br>• EmONC तथा प्रसूति सेवाको गुणस्तर र प्रभावकारितामा सुधार भएको हुनेछ। |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • Labour Care Guide (LCG) तथा EmONC Job-Aid सम्बन्धी अभिमुखीकरण प्राप्त स्वास्थ्यकर्मीहरूको संख्या।<br>• सम्बन्धित स्वास्थ्य संस्थामा Labour Care Guide तथा EmONC Job-Aid को उपलब्धता तथा प्रयोगको अवस्था।<br>• प्रसव सेवामा Labour Care Guide को नियमित तथा सही प्रयोगको अवस्था।<br>• मातृ तथा नवजात शिशुको जटिलताको समयमै पहिचान तथा व्यवस्थापनको अवस्था।<br>• EmONC तथा प्रसूति सेवाको गुणस्तरमा भएको सुधार। |
| **सन्दर्भ सामग्री** | • Labour Care Guide (LCG) तथा EmONC Job-Aid |
| **प्रतिवेदन** | अभिमुखीकरण कार्यक्रम सम्पन्न भएपछि सहभागी संख्या, सञ्चालन भएका गतिविधि, प्रमुख उपलब्धि तथा देखिएका समस्या र चुनौतीहरू समेटी प्रतिवेदन तयार स्वास्थ्य कार्यालयले स्वास्थ्य निर्देशनालय/ स्वास्थ्य मन्त्रालयमा पेश गर्नु पर्नेछ। |

## १५.लुम्बिनी प्रादेशिक अस्पतालका लागि आकश्मिक प्रसुति सेवा र बालरोग सेवा सुदृढिकरण

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु ५५ लाख | अस्पताल | १ | दोस्रो, तेस्रो |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | लुम्बिनी प्रादेशिक अस्पताल लुम्बिनी प्रदेशकै प्रमुख प्रेषण केन्द्रका रूपमा रहेको छ। अस्पतालबाट वार्षिक करिब १२ हजार प्रसूति सेवा प्रदान हुँदै आएकोले जटिल तथा आकस्मिक अवस्थामा आउने गर्भवती तथा सुत्केरी महिला र नवजात शिशु तथा बालबालिकाहरुलाई समयमै गुणस्तरीय सेवा उपलब्ध गराउन आकस्मिक प्रसूति सेवा र आकस्मिक बालरोग सेवा सञ्चालन तथा सुदृढीकरण आवश्यक रहेको छ। यसका लागि ४ जना मेडिकल अधिकृत नियुक्तिका लागि आवश्यक वजेटको व्यवस्था गरीएको छ।<br>त्यसै गरी, अस्पताल बाल स्वास्थ्य सेवाको समेत प्रदेश स्तरीय प्रेषण केन्द्रका रूपमा रहेको र निःशुल्क NICU सेवा सञ्चालनमा रहेको हुँदा नवजात तथा बालबालिकाको आकस्मिक उपचार तथा व्यवस्थापनका लागि आवश्यक उपकरणको उपलब्धता सुनिश्चित गर्नु आवश्यक छ। विशेषगरी बाल रोग विभागमा **Portable USG Machine** आवश्यक रहेको हुँदा उक्त सामग्री खरिद गरी सेवा प्रवाहलाई थप प्रभावकारी, गुणस्तरीय तथा सुदृढ बनाउने उद्देश्यले बजेटको व्यवस्था गरिएको छ। |
| **उद्देश्य** | लुम्बिनी प्रादेशिक अस्पतालमा आकस्मिक प्रसूति र आकस्मिक बालरोग सेवा सञ्चालन तथा बालस्वास्थ्य सेवाका लागि आवश्यक उपकरण तथा सामग्री उपलब्ध गराई जटिल प्रसूति र नवजात/बालरोग सेवाको समयमै, गुणस्तरीय र प्रभावकारी व्यवस्थापन सुनिश्चित गर्नु। |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | लुम्बिनी प्रादेशिक अस्पताल |
| **खर्च क्षेत्र** | • आकस्मिक प्रसूति सेवा सञ्चालन तथा सुदृढीकरणका लागि ४ जना मेडिकल अधिकृतको नियुक्ति र आकस्मिक बालरोग सेवा सञ्चालन तथा सुदृढीकरणका लागि ४ जना मेडिकल अधिकृतको नियुक्ति (कुल ८)<br>• बाल रोग विभागका लागि **Portable USG Machine** खरिद। |
| **लक्षित समूह** | • जटिल तथा आकस्मिक अवस्थामा रहेका गर्भवती तथा सुत्केरी महिलाहरू।<br>• आकस्मिक तथा विशेष उपचार आवश्यक पर्ने नवजात शिशु तथा बालबालिकाहरू।<br>• लुम्बिनी प्रदेशका विभिन्न जिल्लाबाट प्रेषण भई आउने मातृ तथा बाल स्वास्थ्य सेवाका सेवाग्राहीहरू। |
| **कार्यक्रम सञ्चालन विधि** | लुम्बिनी प्रादेशिक अस्पतालले देहायको शिर्षकका तोकिए परिधिमा रही खर्च गर्नु पर्नेछ<br>१. आकस्मिक बाल रोग सेवा सञ्चालन तथा सुदृढीकरणका लागि ४ जना मेडिकल अधिकृत नियुक्तिका लागि तलव तथा भत्ता रु. २५ लाख<br>२. बाल रोग विभागका लागि **Portable USG Machine** खरिद रु ३० लाख |
| **बजेट बाँडफाड** | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| **अपेक्षित उपलब्धी** | • बाल रोग विभागमा **Portable USG Machine** उपलब्ध भई नवजात तथा बाल स्वास्थ्य सेवाको गुणस्तरमा सुधार भएको हुनेछ।<br>• प्रदेशका विभिन्न जिल्लाबाट प्रेषण भई आउने जटिल मातृ तथा बाल स्वास्थ्य सेवाग्राहीलाई समयमै गुणस्तरीय सेवा उपलब्ध भएको हुनेछ।<br>• मातृ तथा नवजात/बाल मृत्युदर न्यूनीकरणमा योगदान पुगेको हुनेछ। |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • नवजात/बाल स्वास्थ्य अवस्थाको समयमै पहिचान तथा व्यवस्थापनको अवस्था।<br>• आकस्मिक प्रसूति सेवा प्राप्त गर्ने गर्भवती तथा सुत्केरी महिलाको संख्या।<br>• **Portable USG Machine** खरिद, जडान तथा सञ्चालनको अवस्था।<br>• Portable USG सेवाबाट लाभान्वित नवजात तथा बालबालिकाको संख्या।<br>• उपकरण तथा सामग्रीको नियमित प्रयोग, कार्यशीलता तथा उपलब्धताको अवस्था। |
| **प्रतिवेदन** | कार्यक्रम सञ्चालन तथा खरिद पछि लुम्बिनी प्रादेशिक अस्पतालले स्वास्थ्य मन्त्रालयलाई प्रतिवेदन गर्नु पर्नेछ। |

लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय राप्ती उपत्यका(देउखुरी) नेपाल

१६. पत्रु खाना र यसले स्वास्थ्यमा असर बारे सुचना तयार गरी सामुदायीक बिद्यालयमा भिते लेखन/होरीङ्ग बोड।

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु ४५.५८ लाख | जिल्ला | ४ | दोस्रो, तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | सामान्यतया पत्रु खाना भन्नाले बजारमा उपलब्ध प्याकेट र बोतलमा प्याक गरिएका र लामो समय राखिएका खाना बुझ्न सकिन्छ। पत्रु खानामा प्रायः चिल्लो पदार्थ, कार्बोहाइड्रेट, नुन, चिनी तथा अनेक किसिमको रसायन तथा कार्बनको प्रयोग अत्यधिक रुपमा गरिएको पाईन्छ, जसको कारण पाचन प्रणालीमा समस्या आउने, कुपोषण जस्ता समस्याहरु देखा पर्दछ। विश्व स्वास्थ्य संगठनका अनुसार, पत्रु खानाको अत्यधिक सेवनले मोटापना, मधुमेह, र हृदय रोग जस्ता समस्याहरूको जोखिम बढाउँछ। विद्यार्थीहरू पत्रु खाना यसको स्वाद र सजिलो उपलब्धताको कारणले रोज्ने गर्दछन्, जसको कारण उनीहरुको स्वास्थ्यमा नकारात्मक असरहरु देखा पर्नुका साथै शारीरिक तथा मानसिक वृद्धि र विकासमा पनि बाधा पुग्दछ। यसै सन्दर्भमा, सामुदायिक विद्यालयमा पत्रु खानाको असर र यसको स्वास्थ्यमा पर्ने प्रभावको बारेमा चेतना फैलाउन भित्ते लेखन/ होरीङ्ग बोर्ड कार्यक्रमको आयोजना गरिएको हो। |
| **उद्देश्य** | • पत्रु खानाले स्वास्थ्यमा पार्ने असरको बारेमा विद्यार्थीहरुलाई जानकारी दिने।<br>• स्वस्थ खानेकुराको महत्व र पत्रु खानाबाट बच्नका लागि सुझाव दिने।<br>• विद्यार्थी र शिक्षकहरुलाई भित्ते लेखन/होरीङ्ग बोर्ड स्थापनामा सक्रिय सहभागी गराउने। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्वास्थ्य कार्यालयहरु |
| **खर्च क्षेत्र** | भित्ते लेखन/होरीङ्ग बोर्डको स्थापना र व्यवस्थापन खर्च, दैनिक भ्रमण भत्ता र यातायात खर्च |
| **लक्षित समूह** | सामुदायिक विद्यालयका विद्यार्थी र शिक्षक |
| **कार्यक्रम सञ्चालन विधि** | • लुम्बिनी प्रदेश अन्तर्गतका सम्पूर्ण सामुदायिक बिद्यालयको लगत तयार पार्ने।<br>• कार्यक्रम संचालनाका लागि बिद्यार्थी संख्या, भौगोलिक तथा पोषण अवस्थाको आधारमा सामुदायिक विद्यालयहरुको प्रथामिकरण गर्ने।<br>• स्वास्थ्य कार्यालयहरुले भित्ते लेखन/होरीङ्ग बोर्ड कार्यक्रमको लागि सामुदायिक बिद्यालय तथा स्थानीय तह संग समन्वय गर्ने।<br>• स्वास्थ्य मन्त्रालय/निर्देशनालयको समन्वयमा आकर्षक र बुझ्न सजिलो भित्ते लेखन/होरीङ्ग बोर्डको डिजाइन तयार गरी पत्रु खाना र यसले पार्ने स्वास्थ्यमा असरको बारेमा सूचना तयार पार्ने।<br>• विद्यालयका विद्यार्थी, शिक्षिक शिक्षिका तथा अभिभावकहरुले सजिलै देख्न सक्ने स्थानमा भित्ते लेखन वा होरिङ्ग वोर्ड प्रदर्शन गर्नुपर्नेछ । |
| **बजेट बाँडफाड** | यस कार्यक्रमका सञ्चालनका लागि लुम्बिनी प्रदेशका ४ वटा स्वास्थ्य कार्यालयहरुमा निम्न अनुसारको रहेको छ। |

| क्र.स. | स्वास्थ्य कार्यालय | विनियोजित रकम रुः (हजारमा) |
|---|---|---|
| १. | कपिलवस्तु | १४.७० लाख |
| २. | बर्दिया | १२ लाख |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| | ३. गुल्मी — १६.१८ लाख<br>४. रुकूम पूर्व — २.७ लाख<br>कुल — ४५.५८ लाख<br><br>प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| **अपेक्षित उपलब्धी** | • सामुदायिक विद्यालयमा पत्रु खानाको बारेमा जनचेतना फैलाउने।<br>• विद्यार्थी र शिक्षकहरूमा स्वस्थ खानपानको लागि सकारात्मक सोचको विकास गर्ने।<br>• पत्रु खानाको सेवन घटाउने र स्वस्थ खानपानको प्रवर्द्धन गर्ने। |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • भित्ते लेखन/होरीङ्ग बोर्ड स्थापना गरिएका सामुदायिक विद्यालयको संख्या।<br>• भित्ते लेखन/ होरीङ्ग बोर्डको स्थापना हुदा सहभागी भएका विद्यार्थी र शिक्षकहरूको संख्या। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ। |

## ७. बृद्धि अनुगमनका लागि सामग्री खरिद।

| खर्च शीर्षक नं | बजेट रु लाखमा | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ११६.५० | प्रदेश आपुर्ति व्यवस्थापन केन्द्र | १ | दोस्रो, तेस्रो |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | विश्व स्वास्थ्य संगठनका अनुसार बच्चा जन्मेको २ वर्षसम्म मासिक रुपमा बच्चाको बृद्धि अनुगमन गर्नुपर्ने हुन्छ साथै ५ वर्षमुनिका बालबालिकामा निरन्तर पोषणको लेखाजोखा गर्न सुझाईएको छ। समुदाय स्तरमा अबस्थित स्वास्थ्य संस्थाहरुबाट नियमित बृद्धि अनुगमनको लागि आवश्यक पर्ने तौल मेसिन र उचाई मापन गर्ने हाईट बोर्ड खरिद गर्नको लागि यो कार्यक्रमको व्यबस्था गरिएको हो। |
| **उद्देश्य** | गुणस्तरिय सामाग्रीद्वारा नियमित बृद्धी अनुगमन गर्न। |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | प्रदेश स्वास्थ्य आपुर्ती व्यबस्थापन केन्द्र। |
| **खर्च क्षेत्र** | तौल र उचाई मेसिन खरिद गर्न। |
| **लक्षित समूह** | पाचँ वर्ष मुनिका बालबालिका र किशोर किशोरी। |
| **कार्यक्रम सञ्चालन विधि** | • सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम खरिद प्रक्रिया अगाडी बढाउने। |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका (देउखुरी) नेपाल

| | |
|---|---|
| | • स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखाको स्पेशिफिकेशन वैंकबाट स्वीकृत स्पेसिफकेसन प्राप्त गरि उक्त स्पेसिफिकेसन अनुसार खरिद गर्ने।<br>• सामाग्री खरिद भईसके पश्चात स्वास्थ्य निर्देशनालयसँग समन्वय गरी OTC विस्तार गर्ने स्वास्थ्य संस्था तथा OTC हरुमा उक्त सामाग्री वितरण गर्ने। |
| **बजेट बाँडफाड** | यो क्रियाकलाप सञ्चालनका लागि प्रदेश आपुर्ति व्यवस्थापन केन्द्रमामा १ करोड ५० लाख वजेट विनियोजन गरिएको छ ।<br>प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि विभिन्न खर्च शिर्षकहरुमा बाँडफाँड गर्ने र कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्यक्रम सञ्चालन र खर्च गर्नु पर्नेछ। |
| **अपेक्षित उपलब्धी** | • गुणस्तरिय सामाग्री खरिद भई वितरण हुनेछ। |
| **अनुगमन तथा मुल्याङ्कन** | • स्वास्थ्य मन्त्रालय बाट अनुगमन गरीनेछ। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न पश्चात स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन गर्नुपर्नेछ। |

### १८. विद्यालयका स्वास्थ्य शिक्षकहरुलाई स्वास्थ्य तथा पोषण कार्यक्रमको अभिमुखिकरण।

| खर्च शीर्षक नं | बजेट रु लाखमा | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | ६८.८० | स्वास्थ्य कार्यालय | १२ | दोस्रो, तेस्रो |

| **उपशिर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | बालबालिकाहरूको पोषण तथा स्वास्थ्यमा सुधार गर्न विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको महत्वपूर्ण भूमिका रहेको छ । यस कार्यक्रमलाई शिक्षा र स्वास्थ्यका सम्बन्धित निकायहरूको समन्वयबाट प्रभावकारी कार्यान्वयन गर्न सकिएमा विद्यार्थीहरूको स्वास्थ्य स्थितिमा सुधार आई शैक्षिक उपलब्धिमा गुणस्तरीयता कायम हुनेछ । बालबालिकाहरूको अधिकांश समय विद्यालयमानै नै बित्ने गरेको हुदाँ विद्यालयमान हुने हरेक क्रियाकलापहरुले उनीहरूमा प्रत्यक्ष रुपले प्रभाव पारिरहेको हुन्त्छ । हाल विद्यालय उमेरका बालबालिकाहरूमा मानसिक स्वास्थ्य समस्या, लागुऔषधको दुर्वेसनी, सरुवा रोगहरू संगै नसर्न रोगहरूको संक्रमण देखिन थालेको छ । यसले उनीहरूको र्सवांगिण विकासमा नकारात्मक असर पार्दछ, यसर्थ राष्ट्रिय पोषण रणनीति २०७७ मा उल्लेख भए अनुसार विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको प्रभावकारी कार्यन्वयनको सुनिश्चतताको लागि यो कार्यक्रम तयार गरिएको छ। |
| **उद्देश्य** | • विद्यालय शिक्षकहरुलाई पोषण सम्बन्धी ज्ञानको क्षमता अभिबृद्धी गरी पोषण शिक्षालाई महत्व दिन अभिप्रेरित गर्ने। |

| | |
|---|---|
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | स्थानीय तहसँगको समन्यमा स्वास्थ्य कार्यालय |
| **खर्च क्षेत्र** | अभिमुखिकरण वापत दैनिक भ्रमण भत्ता, यातायात खर्च र व्यवस्थापन |
| **लक्षित समूह** | विद्यालयका स्वास्थ्य शिक्षकहरु, स्वास्थ्यकर्मी र बिद्यालय नर्स |
| **कार्यक्रम सञ्चालन विधि** | अभिमुखिकरण कार्यक्रम ३ दिनको सञ्चालन गर्नु पर्ने छ ।<br>अभिमुखिकरण कार्यक्रममा सहभागीहरु २५-३० जना हुने पर्ने छ ।<br>अभिमुखिकरण कार्यक्रमको सहजकर्ता उक्त तालिम प्राप्त (TOT) लिएको प्रशिक्षक हुनु पर्नेछ । |
| **बजेट बाँडफाड** | यस कार्यक्रमका लागि निम्न जिल्लाहरुमा तपशिलको रकम विनियोजन गरिएको छ । |

| क्र.स. | स्वास्थ्य कार्यालय | विनियोजित रकम रुः (लाखमा) |
|---|---|---|
| १. | स्वास्थ्य कार्यालय रुकुमपूर्व | ३ लाख |
| २. | स्वास्थ्य कार्यालय रोल्पा | ८ लाख |
| ३. | स्वास्थ्य कार्यालय प्यूठान | ५ लाख |
| ४ | स्वास्थ्य कार्यालय अर्घाखाँची | ५ लाख |
| ५ | स्वास्थ्य कार्यालय पाल्पा | ५ लाख |
| ६ | स्वास्थ्य कार्यालय गुल्मी | ५ लाख |
| ८ | स्वास्थ्य कार्यालय नवलपरासी पश्चिम | ५ लाख |
| ९ | स्वास्थ्य कार्यालय रुपन्देही | ६ लाख |
| १० | स्वास्थ्य कार्यालय कपिलवस्तु | ६ लाख |
| ११ | स्वास्थ्य कार्यालय दाङ | ७.८ लाख |
| १२ | स्वास्थ्य कार्यालय बाँके | ८ लाख |
| १३ | स्वास्थ्य कार्यालय बर्दिया | ५ लाख |
| **कुल जम्मा** | | **६८.८० लाख** |

| | |
|---|---|
| | प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| **अपेक्षित उपलब्धी** | • स्वास्थ्य शिक्षकहरुको ज्ञान तथा शिपमा अभिवृद्धि हुनेछ ।<br>• बालबालिकाहरूको पोषण तथा स्वास्थ्य सुधार आई शैक्षिक उपलब्धिमा गुणस्तरीयता कायम हुनेछ । |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • तालिम प्राप्त गरेका स्वास्थ्य शिक्षकहरुको संख्या |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिबेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## १९.भांसा घर सुधार कार्यक्रम मार्फत बाल तथा मातृ पोषण प्रवर्धन।

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम सञ्चालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु ६३ लाख | कार्यालय | १३ | दोस्रो, तेस्रो |

| उपशिर्षक | विवरण |
|---|---|
| **परिचय** | आयुर्वेदले असल रखानपान आचरण सु आचरण र असल विचार सहित स्वस्थ रहने तरिका सिकाउछ। समय अनुकूल र मौसममा आधारित खानाले स्वस्थ जीवनकोलागि राम्रो अभ्यासहरुको चित्रण गर्दछ। प्राचीन सन्तहरूको दीर्घायु र स्वस्थ जीवनशैलीमा स्वस्थ खानपानका विभिन्न तरिकाहरूमा आधारित थियो ।पोषिलो घरेलु खानाको सेवनले संक्रामक रोगहरू, नसर्ने रोगहरु कुपोषणबाट बच्न, पत्रु खानाको प्रयोगलाई निरुत्साहित गर्न भान्सा सुधार मार्फत पोषण शिक्षाबाट समुदायको स्वास्थ प्रवर्धन गर्नको लागि समुदायहरूको क्षमता विकास गरी जीवन चक्रको आधारमा आयुर्वेद प्रणाली निहित पोषणका ज्ञान र सीपहरू मार्फत स्वस्थकर जीवन शैली अभिवृद्धिगर्ने छ । मातृशिशु स्वास्थ्य र स्तनपानको महत्व बुझाउन, आमा र बच्चाको स्वास्थ्य सुधार गर्न तथा कुपोषणजन्य रोगबाट बचाउन, गर्भवती तथा सुत्केरी महिलालाई पोषण तथा स्वास्थ्य सेवा प्रदान गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो । |
| **उद्देश्य** | खाना पकाउनुपुर्वदेखि उपभोगसम्म आयुर्वेदमा लिपि पोषणवर्द्धन कार्यहरूलाई पोषण संवेदनशील भई भान्सा सुधार मार्फत समुदायको पोषण सुधार हुने गरी परिणाम प्राप्त गर्न सहभागीहरूमा ज्ञान सीप तथा धारणामा प्रदान गर्दछ । |
| **कार्यक्रम सञ्चालन गर्ने निकाय** | आयुर्वेद स्वास्थ्य केन्द्रहरु, आयुर्वेद औषधालयहरु तथा नागरिक आरोग्य केन्द्र |
| **खर्च क्षेत्र** | दैनिक भ्रमण भत्ता र यातायात खर्च र ब्यवस्थापन खर्च |
| **लक्षित समूह** | प्रदेशका बालबालिका, किशोरी, गर्भवती र स्तनपायी महिला (बच्चा जन्मेपछि २४ महिना सम्म ) प्रदेशवासी |
| **कार्यक्रम सञ्चालन विधि** | • भान्सा सुधार सन्दर्भ ग्रन्थका आधारमा मातृ, शिशु तथा किशोरीको स्वास्थ्य तथा पोषण केन्द्रित सहजकर्ता निर्देशिका (म्यान्युयल) तयार गर्ने तथा सहभागी पुस्तिका तयार तथा छपाई गर्ने<br>• हरेक जिल्लामा आयुर्वेद स्वास्थ्यकर्मीहरुलाई यस कार्यक्रम सम्बन्धी अनुशिक्षण गर्ने<br>• अभियान सचालनका लागि कार्य योजना तयार गरी कार्यान्वयन गर्ने<br>• कार्यक्रम सञ्चालन गर्ने निकायले स्थानीय तहमा रहेका आयुर्वेद औषधालय र नागरिक आरोग्य केन्द्रको समन्वयमा समुदायस्तरमा महिला सामुदायिक स्वयंसेविका, शिक्षक, विद्यालय लगायत समुदायमा रहेका सरोकारवालहरुलाई केन्द्रविन्दुमा राखि निर्देशिका बमोजिम स्वास्थ्य आमा समुह , किशोरी संजाल लगायतका स्थानमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |
| **बजेट बाँडफाड** | यस कार्यक्रमका लागि निम्न जिल्लाहरुमा तपशिलको रकम विनियोजन गरिएको छ । |

| क्र.स. | कार्यालय | विनियोजित रकम रुः (लाख) | क्र.स | कार्यालय | विनियोजित रकम रुः (लाख) |
|---|---|---|---|---|---|
| १. | आयुर्वेद स्वास्थ्य केन्द्र नवलपरासी | ५ लाख | ७ | आयुर्वेद स्वास्थ्य केन्द्र प्युठान | ५ लाख |
| २. | आयुर्वेद स्वास्थ्य केन्द्र कपिलवस्तु | ५ लाख | ८ | आयुर्वेद स्वास्थ्य केन्द्र बाँके | ५ लाख |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | आयुर्वेद स्वास्थ्य केन्द्र पाल्पा | ५ लाख | ९ | आयुर्वेद स्वास्थ्य केन्द्र बर्दिया | ५ लाख |
| ४. | आयुर्वेद स्वास्थ्य केन्द्र अर्घाखाची | ५ लाख | १० | आयुर्वेद स्वास्थ्य केन्द्र रुकुमपूर्व | ३ लाख |
| ५. | आयुर्वेद स्वास्थ्य केन्द्र गुल्मी | ५ लाख | ११ | लुम्बिनी आयुर्वेदिक चिकित्सालय | ५ लाख |
| ६. | आयुर्वेद स्वास्थ्य केन्द्र रोल्पा | ५ लाख | १२ | राप्ति आयुर्वेदिक चिकित्सालय | ५ लाख |
| | | | १३ | आयुर्वेद स्वास्थ्य केन्द्र दाङ | ५ लाख |
| | | **कुल जम्मा** | | | **६३ लाख** |

प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

| | |
|---|---|
| **अपेक्षित उपलब्धी** | • अभ्यासहरू मार्फत स्वास्थ्य र पोषणप्रवर्द्धन गर्न लक्षित समुहको व्यक्तिगत एवं सामुदायिक तवरमा व्यवहारमा परिवर्तन भएको हुनेछ |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • कार्यक्रमको पटक संख्या<br>• लाभान्वितको संख्या |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्नु पर्नेछ । |

## २०. सामुदायीक विद्यालयमा अस्वस्थकर खाना नियमन तथा नियन्त्रण अभियान।

| खर्च शीर्षक नं | बजेट रु लाखमा | एकाई | लक्ष्य | कार्यक्रम संचालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | १४०.४० | जिल्ला | ६ | दोस्रो, तेस्रो |

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **परिचय** | विद्यार्थीहरू आफ्नो दैनिक जीवनको अधिकांश समय विद्यालयमा बिताउँछन्। अस्वस्थकर खानामा अत्यधिक चिनी, नुन, तेल, तथा हानिकारक पदार्थ हुने भएकाले यसले बालबालिकाको शारीरिक वृद्धि र मानसिक विकासमा नकारात्मक असर पुऱ्याउँछ। लगातार अस्वस्थकर खाना सेवनका कारण मोटोपन, पाचनसम्बन्धी समस्या, ध्यान तथा एकाग्रता कमी र अन्य दीर्घकालीन रोगहरू देखा पर्न सक्छन्। बिभिन्न अनुसन्धानहरुले बालबालिकामा अस्वस्थकर खानाको अत्यधिक सेवनका कारणले स्वास्थ्य समस्या बढ्दै गएको देखाएको छ। विद्यालय स्तरमा अस्वस्थकर खाना नियन्त्रण गर्दै स्वस्थकर खानाको प्रोत्साहन गर्न यो कार्यक्रमको व्यवस्था गरिएको हो । |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

| | |
|---|---|
| **उद्देश्य** | ➢ विद्यालयमा अस्वस्थकर खानाको सेवनलाई नियन्त्रण र स्वस्थकर दिवा खाजाको प्रवर्द्धन गर्ने।<br>➢ अस्वस्थकर खानाको विकल्प प्रदान गरी विद्यार्थीहरूलाई स्वस्थ खानपानका लागि प्रोत्साहित गर्ने। |
| **कार्यक्रम संचालन गर्ने निकाय** | स्वास्थ्य कार्यालय मार्फत स्थानीय तहहरु |
| **खर्च क्षेत्र** | अभिमुखिकरण खर्च, अस्वस्थकर खाना रहित विद्यालय घोषणाका लागि अन्य व्यवस्थापकीय खर्च । |
| **लक्षित समूह** | सामुदायिक विद्यालय |
| **कार्यक्रम सञ्चालन विधि** | • यो कार्यक्रम जिल्लाको प्रत्येक स्थानीय तहमा संचालन हुनेछ<br>• अस्वस्थकर खानाको हानिकारक प्रभावबारे जानकारीका लागि स्थानीय प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, स्थानीय तहका शाखा प्रमुखहरु, स्थानीय संचारकर्मी, विद्यालयका प्रधानाध्यापक, स्थानीय स्वास्थ्य संस्था प्रमुख लगाएत सरोकारवालाहरु अधिक्तम ५० जनासंग स्थानीय तहमा १ दिने अन्तरक्रिया कार्यक्रम संचालन गर्ने ।<br>• उक्त अन्तरक्रिया कार्यक्रमबाट स्थानीय तहका उपप्रमुखको संयोजकत्वमा देहाय अनुसार **अस्वस्थकर खाना निषेधित विद्यालय** अनुगमन समिती गठन हुनेछः<br>  ○ संयोजक- स्थानीय तहका उपप्रमुख<br>  ○ सदस्य- प्रमुख प्रशासकिय अधिकृत<br>  ○ सदस्य- स्वास्थ्य शाखा प्रमुख<br>  ○ सदस्य- स्थानीय तहका माध्यमिक विद्यालय मध्येबाट १ जना प्रधानाध्यापक<br>  ○ सदस्य सचिव- शिक्षा शाखा प्रमुख<br>आवस्यकताका आधारमा आमन्त्रित सदस्य थप गर्न सकिनेछ ।<br>• माथि उल्लेखित अस्वस्थकर खाना निषेधित विद्यालय अनुगमन समितिले स्थानीय तह भित्र रहेका **विद्यालयका** व्यवस्थापन समिति र शिक्षक शिक्षिकाहरुसँग अस्वस्थकर खाना निषेधका लागि १ दिने अन्तरक्रिया गर्न स्वास्थ्य कार्यालयले **परामर्शकर्ता परिचालनका** लागि स्वास्थ्य निर्देशनालयसँग अनिवार्य समन्वय गरी अस्वस्थकर खाना सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गर्ने र अस्वस्थकर निषेधित विद्यालय घोषणा कार्ययोजना तयार गर्ने ।<br>• अस्वस्थकर खाना निषेधित विद्यालयका मापदण्डहरु देहाय अनुसार हुनेछः<br>  ○ विद्यालयमा अस्वस्थकर खाना निषेधित क्षेत्र रहेको देखिने गरी होडिङ वोर्ड वा भित्ते लेखन तयार गर्ने ।<br>  ○ विद्यालयमा रहेको चमेना गृहमा अस्वस्थकर खाना विक्रि वितरण निषेधित गर्ने ।<br>  ○ विद्यालयमा दिवा खाजामा अस्वस्थकर खाना निषेध भएको सुनिश्चित गर्ने । |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

<table>
<tr><td></td><td>
<ul>
<li>विद्यार्थीहरुले घरवाट ल्याउने खाजामा अस्वस्थकर खाना नरहेको सुनिश्चित गर्ने ।</li>
<li>सम्बन्धित वडाको स्थानीय स्वास्थ्य संस्थाबाट हरेक महिनाको १ दिन पोषण स्वास्थ्य शिक्षा संचालन गरेको सुनिश्चित गर्ने ।</li>
<li>विद्यालयको १०० मिटरको क्षेत्र भित्र मादक पदार्थ तथा सुर्तिजन्य पदार्थको विक्रि वितरण निषेध गर्न पहल गर्ने।</li>
</ul>
माथि उल्लेखित मापदण्डहरु पूरा गर्ने विद्यालयलाई सरोकारवालाहरुको प्रतिबद्धता सहित सम्बन्धित स्थानीय तहले विद्यालयलाई अस्वस्थकर खाना निषेधित विद्यालय घोषणा गर्नेछ ।
<ul>
<li>यस कार्यक्रमको निरन्तरता र दिगोपनाका लागि स्थानीय तहबाट अपनत्व ग्रहण गर्दै लैजानुपर्नेछ ।</li>
</ul>
</td></tr>
<tr><td>बजेट बाँडफाड</td><td>
<table>
<tr><th>स्वास्थ्य कार्यालय</th><th>विनियोजित रकम (लाखमा)</th></tr>
<tr><td>नवलपरासी पश्चिम</td><td>२२ लाख</td></tr>
<tr><td>कपिलवस्तु</td><td>१५ लाख</td></tr>
<tr><td>गुल्मी</td><td>२० लाख</td></tr>
<tr><td>दाङ</td><td>३२ लाख</td></tr>
<tr><td>रोल्पा</td><td>३५ लाख</td></tr>
<tr><td>बर्दिया</td><td>१३.४० लाख</td></tr>
<tr><td>रुकुम पूर्व</td><td>३ लाख</td></tr>
<tr><td>कुल जम्मा</td><td>१४०.४० लाख</td></tr>
</table>
<ul>
<li>प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।</li>
</ul>
</td></tr>
<tr><td>अपेक्षित उपलब्धी</td><td>
<ul>
<li>विद्यालयमा अस्वस्थकर खाना निषेध हुनेछ ।</li>
<li>विद्यार्थीहरुमा स्वस्थकर खाने बानीको विकास हुनेछ ।</li>
<li>विद्यार्थीहरुमा पोषण स्तरमा सुधार हुनेछ ।</li>
</ul>
</td></tr>
<tr><td>अनुगमन र मुल्याङ्कनको सुचक</td><td>
<ul>
<li>अस्वस्थकर खाना निषेधित विद्यालयको संख्या</li>
</ul>
</td></tr>
<tr><td>प्रतिवेदन</td><td>कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिवेदन निर्देशनालयमा पेश गर्नु पर्नेछ</td></tr>
</table>

२१. प्रारम्भिक बालविकासका लागि उचित स्याहार प्रवद्धन सम्बन्धि तालिम।

| खर्च शीर्षक नं | बजेट | एकाई | लक्ष्य | कार्यक्रम संचालन गर्नु पर्ने अवधि |
|---|---|---|---|---|
| २२५२२ | रु १८.७५ लाख | पटक | ३ | दोस्रो, तेस्रो |

| उपशीर्षक | विवरण |
|---|---|
| **परिचय** | बालबालिकाको जीवनको प्रारम्भिक वर्षहरू शारीरिक, मानसिक, सामाजिक तथा भावनात्मक विकासका दृष्टिले अत्यन्त महत्वपूर्ण हुन्छन्। प्रारम्भिक बालविकासका लागि उचित स्याहार, पोषण, स्वास्थ्य सेवा, सुरक्षा तथा उत्तरदायी हेरचाह आवश्यक पर्दछ। यसका लागि अभिभावक तथा बालबालिकाको हेरचाहमा संलग्न व्यक्तिहरूको ज्ञान र सीप अभिवृद्धि गर्नु आवश्यक छ।<br>यस सन्दर्भमा **प्रारम्भिक बालविकासका लागि उचित स्याहार प्रवर्द्धन सम्बन्धी तालिम** सञ्चालन गरी सम्बन्धित स्वास्थ्यकर्मी तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धि गरिनेछ। यसबाट बालबालिकाको समग्र तथा स्वस्थ विकासका लागि उचित स्याहार र हेरचाहको अभ्यास प्रवर्द्धन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। |
| **उद्देश्य** | ➢ प्रारम्भिक बालविकासका लागि उचित स्याहार, पोषण, स्वास्थ्य, सुरक्षा तथा उत्तरदायी हेरचाह सम्बन्धी ज्ञान र सीप अभिवृद्धि गरी बालबालिकाको समग्र तथा स्वस्थ विकास प्रवर्द्धन गर्नु। |
| **कार्यक्रम संचालन गर्ने निकाय** | स्वास्थ्य तालिम केन्द्र |
| **खर्च क्षेत्र** | • तालिम सञ्चालनका लागि प्रशिक्षक तथा स्रोत व्यक्तिको व्यवस्थापन।<br>• सहभागीहरूको यात्रा तथा नियमअनुसार दैनिक भत्ता।<br>• तालिम स्थल तथा आवश्यक व्यवस्थापन खर्च।<br>• तालिम सामग्री, शैक्षिक सामग्री तथा स्टेशनरी व्यवस्थापन।<br>• सहभागीहरूका लागि खाजा तथा खाना व्यवस्थापन। |
| **लक्षित समूह** | स्वास्थ्य कार्यालय, अस्पताल तथा स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मीहरु। |
| **कार्यक्रम सञ्चालन विधि** | स्वास्थ्य कार्यालय प्रमुख, प. हे. न, पोषण फोकल पर्सन र अस्पतालबाट चिकित्सक तथा नर्सिङ कर्मचारीको सहभागीता स्वास्थ्य निर्देशनालयले ३ दिनको तालिम सञ्चालन गर्नु पर्नेछ। |
| **बजेट बाँडफाड** | • प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । यस कार्यक्रम सञ्चालनका लागि स्वास्थ्य निर्देशनालयमा रु १८.७५ लाख वजेटको व्यवस्था गरिएको छ। |
| **अपेक्षित उपलब्धी** | • प्रारम्भिक बालविकासका लागि उचित स्याहार सम्बन्धी स्वास्थ्यकर्मी तथा सरोकारवालाहरूको ज्ञान र सीप अभिवृद्धि भएको हुनेछ। |
| **अनुगमन र मुल्याङ्कनको सुचक** | • उचित स्याहार प्रवर्द्धनसम्बन्धी तालिम प्राप्त स्वास्थ्यकर्मी तथा सरोकारवालाहरूको संख्या।<br>• तालिमपश्चात् सहभागीहरूको ज्ञान तथा सीपमा भएको सुधार। |
| **प्रतिवेदन** | कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नु पर्नेछ। |